‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २१२ ★ ने. सं. ११४६ गुँला थ्व, एकादशी ★ आइतबार ★ ७ भदौ, २०८३ ★ August 23, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## कामदारवर्गको अहितमा लागेकाहरू नेमकिपामा अटन सक्दैनन् : अध्यक्ष बिजुक्छेँ




भक्तपुर, ६ भदौ । “तकियामुनि सर्प राखेर सुत्दा कुनै पनि समयमा सर्पले डस्छ । ठीक त्यसरी नै कामदारवर्गको अहितमा लागेकाहरू नेमकिपामा अटन सक्दैनन् ।”

उक्त विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले श्रमिक बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको ‘भक्तपुर काण्ड’ को विरोध एवम् भर्त्सना कार्यक्रममा शनिबार व्यक्त गर्नुभएको हो ।

“देश र जनताको निःस्वार्थ सेवामा लागेको नेमकिपाविरुद्ध पञ्चायती सरकारले भक्तपुर काण्डको षडयन्त्र गऱ्यो । जोताहा किसानहरूको पक्ष लिएकोले पार्टीको प्रभाव बढ्ने डरबाट तर्सेर जनविरोधी पञ्चायती सरकार षड्यन्त्रमा लाग्यो । नेमकिपाका नेता कार्यकर्तालाई फाँसीको समेत माग गरेको पञ्चायती व्यवस्था जनआन्दोलनकै बलमा ढलेको हो । समाजमा दुई थरी मानिस हुन्छन्, एक थरी गुणको बदला गुण तिर्ने र अर्को थरी गुणको बदला बैगुनी बन्ने । भक्तपुरका केही पञ्चहरूले नेमकिपाको गुणलाई बैगुन गरेका थिए,” उहाँले अगाडि भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “शासक दलका नेता कार्यकर्ताहरू नै सहकारीको बचत हिनामिनामा संलग्न भएका छन् । सहकारी संस्थामा भएको अनियमितताको विरोधमा २०२५-२६ सालमा भक्तपुरमा भएको विरोधको इतिहासबाट पार्टी कार्यकर्ताहरू सचेत हुनु जरुरी छ ।”

“सहकारी संस्थाले स्थानीय जनताको आर्थिक उन्नयनका लागि साना कुटीर उद्योग खोल्नु जरुरी छ । स-साना उद्योग, व्यवसायले स्थानीय जनताको रकम स्थानीयकै हातमा पुग्छ । कृषि उत्पादन बढाउन र पशुपालन व्यवसायमा पनि सहकारी संस्थाले लगानी गर्नुपर्छ,” उहाँले भन्नुभयो ।

कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूले व्यक्तिगतभन्दा सामूहिक स्वार्थलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले पुँजीवादी विचारलाई त्याग्नु कम्युनिस्ट कार्यकर्ताहरूको कर्तव्य भएकोले सहकारीका सदस्यहरू पनि सामूहिक स्वार्थमा लाग्नु जरुरी छ भन्नुभयो ।

श्रमिक बचत तथा ऋण सहकारी संस्थाको महिला तथा बालबालिका उत्थान उपसमितिका संयोजक रामलक्ष्मी गोसाईको सभापतित्वमा भएको सो कार्यक्रममा संस्थाका संस्थापक सल्लाहकार लक्ष्मीभक्त कवां, संस्थाका अध्यक्ष कृष्णनारायण मचामसी, संस्थाका प्रबन्धक दिनेश ग्वाछा, सदस्य रोशन मचामसी, उपसमितिका सदस्यहरू ललिता गोसाई र गंगा मचामसीले जनताका नेता कार्यकर्ताहरूलाई दुःख दिनको लागि रचिएको भक्तपुर काण्डको विरोध गर्नुभएको थियो ।

## समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरी गाईजात्रा मनाउनुपर्ने




भक्तपुर, ६ भदौ । सांस्कृतिक समूह भनपा वडा नं. ६ को आयोजनामा २०८२ सालको गाईजात्रामा सांस्कृतिक प्रस्तुति गर्ने कलाकार र सहयोगीहरूलाई प्रमाणपत्र वितरण र यस वर्षको गाईजात्रा २०८३ मा सांस्कृतिक प्रस्तुतिमा सहभागी कलाकारहरूलाई घडला वितरण भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले दोस्रो विश्वयुद्धमा साम्राज्यवादी अमेरिकाले आफ्नो स्वार्थको लागि जापानका हिरोसीमा र नागासाकीमा अणु बम प्रहार गरेर धेरै मानिसहरूको ज्यान लिएको र त्यसको असर अहिलेसम्म पनि कायम रहेको हुँदा जनताले त्यस्तो घटनाबाट पाठ सिक्नुपर्ने बताउनुभयो ।

अमेरिका, इजरायल र इरानबिच युद्ध भइरहेको चर्चा गर्दै सचिव सुवालले साम्राज्यवादी अमेरिकासँग इरान एक इन्च पनि नझुकेको चर्चा गर्नुभयो । उहाँले इरानसँग आणविक हतियार नभए तापनि आणविक शक्तिसम्पन्न राष्ट्र अमेरिकासँग नझुकेको र इरानले अमेरिकी आक्रमणको हरेक समयमा जवाफ फर्काउँदै आएको बताउनुभयो ।

समाजमा घटिरहेका विभिन्न विकृति र विसङ्गतिको व्यङ्ग्यात्मक प्रस्तुति गरेर सुधार गर्न र गराउनको लागि भक्तपुरमा गाईजात्रा पर्व प्रयोग हुँदै आएको राम्रो पक्ष भएको चर्चा गर्दै उहाँले लेखक तथा कलाकारहरूले लेखनमा निरन्तरता दिनुपर्ने बताउनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले भक्तपुर नगरपालिकाले भक्तपुरको कला, संस्कृति र परम्परा जोगाउन हरेक वर्ष गाईजात्रालाई विशेष पर्वको रूपमा मनाउँदै पुरस्कारको व्यवस्था गर्दै आएको चर्चा गर्नुभयो ।

गणेश माविका पूर्वप्रधानाध्यापक गणेशराम थुसाले कलाकार भाइबहिनीहरू अनुशासनमा बसेर आफ्नो कला प्रस्तुत गर्नुपर्ने चर्चा गर्नुभयो ।

बाँकी पृष्ठ ८ मा

## ‘भक्तपुर काण्ड’ को पाठ : षड्यन्त्रविरुद्ध सशक्त रूपमा लड्नुपर्छ

भक्तपुर, ६ भदौ । भक्तपुर नगरपालिका वडा नं. १० को छोरी-बुहारी समूहको आयोजनामा २०४५ साल भदौ ९ गते भएको भक्तपुर काण्डको स्मरणमा भर्त्सना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले भक्तपुर काण्डले कुनै पनि षड्यन्त्रविरुद्ध अझ सशक्त रूपमा लड्नुपर्ने पाठ सिकाएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले नगरवासीलाई शिक्षित बनाउन विभिन्न कलेज तथा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

ख्वप अस्पतालले जनतालाई निःस्वार्थ रूपमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको स्पष्ट पार्दै उहाँले पार्टीको निरन्तर मेहनत, सङ्घर्ष र जनताको सेवाप्रतिको समर्पणकै कारण आज भक्तपुर विकास र समृद्धिको बाटोमा अगाडि बढेको बताउनुभयो ।

नेमकिपाले तल्लो वर्गका जनतालाई माथि उठाउने उद्देश्यले काम गर्दै आएको उल्लेख गर्दै उहाँले आज भक्तपुर सुन्दर, शिक्षित र सभ्य नगरका रूपमा देश-विदेशमा परिचित हुनुमा नेमकिपाको भूमिका उल्लेखनीय रहेको बताउनुभयो ।



महिला समूहले समाजलाई सही दिशा निर्देश गर्न महत्त्वपूर्ण सहयोग पुग्ने उहाँको भनाइ थियो ।

भक्तपुर काण्डको स्मरण गर्नुको उद्देश्यबारे प्रकाश पार्दै उहाँले उक्त घटनामा महिलाहरूको भूमिका स्मरणीय रहेको बताउनुभयो ।

भक्तपुर काण्डसँगै पञ्चायती व्यवस्थाको अन्त्यतर्फको आन्दोलनले गति लिएको उल्लेख गर्दै उहाँले नेमकिपाका जनप्रतिनिधिहरूले जनताको हितमा काम गर्दै आएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डङ्गोलले राजनीतिक रूपमा सङ्घर्ष गर्न सके मात्र आफ्नो पहिचान जोगाउन सकिने बताउनुभयो ।

नेमकिपालाई समाप्त पार्ने उद्देश्यले षड्यन्त्रपूर्वक भक्तपुर काण्ड रचिएको उहाँले बताउनुभयो ।

नेमकिपाले जनताको पक्षमा गरेको काम देख्न नसक्नेहरूले पार्टीप्रति कुदृष्टि राखेको उहाँको भनाइ थियो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैयाँ सुवालले भक्तपुर काण्डमा धेरै निर्दोषले सजाय पाएको बताउँदै उक्त घटनाबारे नयाँ पुस्तालाई जानकारी गराउनुपर्नेमा जोड दिनुभयो ।

बाँकी पृष्ठ २ मा

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

- रास्वपाका सरकार प्रमुख जनताको अवस्था बुझ्न गाउँघर पुग्नुपर्नेमा भदौ ५ गते मुस्ताङको मुक्तिनाथ पुग्न कास्कीको अस्ताम धितालमा रहेको एक रिसोर्टमा पुगेको सार्वजनिक हुँदा आश्चर्य लाग्यो । सरकारका कुनै पनि अङ्गका अधिकारीहरूको निजी भ्रमण हुँदैन तर रास्वपा सरकार प्रमुख निजी भ्रमणमा पोखरा पुगेको सार्वजनिक हुँदा थप आश्चर्य लाग्यो । देश र जनताप्रति कुनै सरोकार नराख्नेहरूको मात्र निजी भ्रमण हुन्छ । सरकारका अधिकारीहरू सोही स्थानका खेती किसानको जीवन र उद्योगका मजदुरहरूको जीवन अध्ययनमा लाग्नु उपयुक्त होइन र ?
- २०४६ सालमा बहुदलीय व्यवस्था पुनःस्थापनापछि नेकाको सरकार बन्यो । त्यसबेला सरकारी सञ्चार माध्यम गोरखापत्रलगायत रेडियो नेपाल, नेपाली टीभीमा नेकाको मात्र समाचार प्रसारण हुन्थ्यो । त्यसपछि एमाले, माओवादीको सरकारको पालामा पनि सरकारी सञ्चार शासकहरूको कब्जामा थिए । यतिबेला रास्वपाले सरकारी सञ्चार माध्यम कब्जामा राखेको छ । सञ्चार माध्यममा सरकारको आलोचनाका विषय प्रकाशित भए मात्र प्रजातन्त्र बलियो हुने यथार्थलाई शासकहरूले कसरी बुझ्नेनन् ?
- कोही नगरको प्रमुख छाडेर सांसद हुँदै प्रधानमन्त्री नै भए भने कोही वडाध्यक्ष हुँदै प्रदेशको मन्त्री र मुख्यमन्त्री पनि भए । तर, काठमाडौं उपत्यकालगायत देशका प्रमुख सहरको फोहरमैला व्यवस्थापन समस्या भने उस्तै छ । न जिल्ला जिल्लाबाट सहरमा बसाइँसराइ रोकिएको छ न त सहरमा सडक जाम र प्रदूषण रोकिएको छ । देशको सन्तुलित विकाससहित बसाइँसराइ नियन्त्रण गर्नुपर्ने सोच नभएकाहरू पधानमन्त्री र मुख्यमन्त्री हुनुको कुनै तुक छ र ?

# परम्परागत लाखे नाच र रोपाइँ जात्रा प्रदर्शन



भक्तपुर, ६ भदौ । ओखलढुङ्गा समाज सेवा समितिको आयोजनामा भक्तपुरमा ओखलढुङ्गाको परम्परागत लाखे नाच तथा रोपाइँ जात्रा प्रदर्शन गरिएको छ ।

भक्तपुरको सिद्धपोखरी परिसरमा आयोजित कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ओखलढुङ्गाबाट आएका सांस्कृतिक टोलीलाई खादा ओढाएर स्वागत गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले सांस्कृतिक सहर भक्तपुरमा ओखलढुङ्गाको सांस्कृतिक प्रस्तुतिले भक्तपुरलाई अझ जीवन्त बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले हाम्रो पहिचान हाम्रो भाषा र संस्कृति नै भएको उल्लेख गर्दै पहिचान संरक्षण गर्नु भक्तपुर नगरपालिकाको प्रमुख कार्यमध्ये एक भएको बताउनुभयो ।

उहाँले संस्कृतिको माध्यमबाट भक्तपुर र ओखलढुङ्गाबिचको सम्बन्ध थप विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो ।

ओखलढुङ्गा सेवा समाजका अध्यक्ष बर्मलाल राजभण्डारीले स्वागत तथा सत्कारका लागि धन्यवाद व्यक्त गर्दै सांस्कृतिक आदानप्रदानको सिलसिलामा भक्तपुरमा ओखलढुङ्गाको परम्परागत सांस्कृतिक प्रस्तुति गर्न आएको बताउनुभयो ।

# भैरहवामा 'भक्तपुर काण्ड' को भर्त्सना

बुटवल, ६ भदौ । नेपाल मजदुर किसान पार्टी रूपन्देहीले शनिबार भैरहवामा भदौ ९ 'कालो दिवस'को भर्त्सना गर्दै एक कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी रूपन्देहीका अध्यक्ष हरिसुन्दर वासीले राज्यस्तरबाट रचिएको षड्यन्त्र 'भक्तपुर काण्ड'को भर्त्सना गर्दै प्रतिक्रियावादीहरूबाट हुने राजनीतिक षड्यन्त्रहरूबारे नयाँ पुस्तालाई पनि सतर्क बनाउनु आवश्यक छ भन्नुभयो ।

नेमकिपाले देशमा आमूल परिवर्तन ल्याउन व्यापक कामदार जनतालाई सचेत र सङ्गठित बनाएको देखेर आतिएको प्रतिक्रियावादी शासकहरूले नेमकिपा र नेमकिपाका अगुवाहरूलाई समूल रूपमा नष्ट गर्न खोजेकै कारण पञ्चायती व्यवस्थाको आयु छोटिएको चर्चा गर्दै अध्यक्ष वासीले नेपालमा कामदारवर्गको शासन स्थापना गर्न कठिनभन्दा कठिन दिनहरूमा पनि नेमकिपाले सङ्घर्ष गरिरहेको छ भन्नुभयो ।

सुशासनको नारा दिएर आएको नयाँ सरकारले अरबौं कमाउनेहरूलाई प्रतिअरब दस- बाह्र करोड कर छुट र गरिबहरूको बिजुलीमा भ्याट लगाई कर थोपरेर कानुनी रूपमै कामदारवर्गलाई झन् दबाउन खोजेको उल्लेख गर्दै अध्यक्ष वासीले पुँजीवादी राज्य व्यवस्थाको रूप फेरिए पनि शोषण, दमन, अन्याय र अत्याचार नरोकिएको कारण वर्गसङ्घर्ष जारी रहने छ भन्नुभयो ।

वर्गीय रूपमा सचेत जनताले मात्र नेपालमा आमूल परिवर्तन ल्याउन सक्ने स्पष्ट पार्दै उहाँले नयाँ पुस्तामा आलोचनात्मक चेतनास्तर उकास्नु पर्छ भन्नुभयो ।

सुग्रीम साहनीले नेमकिपालाई दबाउन रचिएका षड्यन्त्रहरूका इतिहासको अध्ययनबाट नयाँ पुस्ता सावधान हुने उल्लेख गर्दै भक्तपुर काण्डको निन्दा गर्नुभयो ।

माया चौधरीले भक्तपुर काण्डको षड्यन्त्र चिर्न कानुन व्यवसायीहरूको योगदान उल्लेखनीय रहेको चर्चा गर्दै सो काण्डमा यातना भोगेका पीडितहरूको पीडा पढ्दा अहिले पनि आङ सिरिङ हुन्छ भन्नुभयो ।

कला झामीले पुँजीवादी व्यवस्थाको शिक्षामा रहेको वर्गीय विभेदका कारण कामदारवर्गका छोराछोरी अवसरबाट वञ्चित हुनुपरेको बताउँदै सबैलाई व्यक्तित्व विकासमा समान अवसर दिनुपर्छ भन्नुभयो ।

# श्रमजीवी साकोसको वार्षिक समीक्षा बैठक

भक्तपुर, ६ भदौ । श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि. को आ.व. २०८२/०८३ को वार्षिक समीक्षा बैठक सीड एन्ड स्पोन अर्गानिक रेस्टुरेन्ट, रातोपाटी जितपुरमा सम्पन्न भयो ।

संस्थाका संस्थापक अध्यक्ष गणेशभक्त सितिखुले समीक्षा बैठकले आउने वर्षका लागि सदस्य र सामाजिक उत्तरदायित्वसहित समग्र क्षेत्रमा आशातीत जागरण उजागर गरी पाइला चल्नुपर्नेमा जोड दिनुभयो ।

संस्थाका सल्लाहकार डा. राजुभाइ त्यातले आजको बदलिँदो परिस्थितिमा पुराना पुस्तालाई सम्मान गर्दै नयाँ पुस्तालाई प्रविधिमैत्री वातावरणसँगै उनीहरूबाट पनि हामीले धेरै कुरा सिक्न सक्नुपर्ने र सहकारी सञ्चालकहरू पनि प्रविधिमा चनाखो रहनुपर्ने बताउनुभयो ।

संस्थाका पूर्वअध्यक्ष गणेशलाल फोजुले समीक्षा बैठक सुने र सुनाउने साधारण भेला मात्रै नहोस्, बैठकलाई अझ परिष्कृत र सहभागीमूलक बनाउनुपर्नेमा जोड दिनुभयो ।

संस्थाका अध्यक्ष गोविन्दराम त्वानावासुले समिति, उपसमिति र संस्थापक पदाधिकारीहरूबाट राखिएको जिज्ञासा सम्बन्धमा स्पष्ट पार्दै संस्थाको प्रगतिका विविध पक्षहरूबारे प्रकाश पार्नुभयो ।

संस्थाका उपाध्यक्ष लक्ष्मीनारायण कुसाथाले ऋण, संस्थाका सचिव नारायणप्रसाद लागेले वार्षिक गतिविधि, निर्णय र नीतिगत परिमार्जन सम्बन्धमा र संस्थाका कोषाध्यक्ष हरिभक्त हामोले आ.व. २०८२/८३ को हालसम्मको सदस्य सङ्ख्या ४२२५ जनासहित कुल कारोबार रु. ८७,५१,९३,४१६।- (अक्षरेपी सतासी करोड एकाउन्न लाख त्रियानब्बे हजार चार सय सोह्र रूपैयाँ) प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

संस्थाका लेखा सुपरिवेक्ष समिति संयोजक सुरेन्द्रप्रसाद दुवालले संस्थाको नीतिगत र वित्तीय विश्लेषण गर्नुभयो ।

संस्थाका बाह्य लेखा परीक्षक सुरेन्द्र हाडाले संस्थाको आ.व.२०८२/०८३ सालको आय/व्यय विवरणमा देखिएका विविध पक्षका बारेमा संस्थाबाट गर्नुपर्ने र गर्न छुटेका विषयउपर बृहत् छलफल गरी निक्यौंल गर्न आवश्यक रहेको सुझाउनुभयो ।

सञ्चालक सदस्य पुण्यराम दुवालले स्वागत गर्नुभएको सो कार्यक्रम सञ्चालक सदस्य लक्ष्मी खाताखोले सञ्चालन गर्नुभयो ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ९४

१४:५० देखि १५:१३ बजेसम्म

**संसद् भवनको दक्षिण गेट सिभिल अस्पताल**

प्रदर्शनकारीहरू संसद् भवनको दक्षिण गेटबाट हटिसकेको र नयाँ बानेश्वर चोकमा केन्द्रित रही प्रदर्शन गरिरहेका थिए । नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रूपमा नयाँ बानेश्वरतर्फ रहेका प्रदर्शनकारीलाई लक्षित गरी फर्मेसनमा ड्युटी लिएको देखिन्छ । १५:०५ बजे Arabica Coffee अगाडि रहेका केही प्रदर्शनकारी मेनगेट अगाडि बढेसँगै नयाँ बानेश्वर चोकमा ठुलो सङ्ख्यामा रहेका प्रदर्शनकारीहरू संसद् गेटमा आइपुगेपछि सुरक्षाकर्मीले अश्रुग्याँसलगायत प्रयोग गरेर प्रदर्शनकारीलाई तितरबितर बनाएको देखिन्छ । १५:१२ बजे खुट्टामा गोली लागेका घाइते प्रदर्शनकारी देखिन्छन् भने १५:१३ बजे केही घाइते प्रदर्शनकारीलाई दुईवटा एम्बुलेन्सले उद्धार गरेको देखिन्छ ।

**१५:५४ -१८:१५ बजे**

बानेश्वर चोक, एभरेस्ट होटल, सिभिल अस्पताल गेट परिसर वरिपरि
CCTVM BICC PTZ

नेपाली सेनाको टोली गाडीसहित संसद् भवनको मेनगेटमा आइपुगेपछि नयाँ बानेश्वर चोकमा रहेका प्रदर्शनकारीहरू सुरक्षाकर्मीको सुरक्षा फर्मेसन तोड्दै मेनगेटमा आइपुग्छन् । गेटमा प्रदर्शनकारी चढ्ने तथा तोड्ने प्रयास गरेपछि १५:५९ बजे सुरक्षाकर्मीले त्यहाँ जम्मा भएको भिडलाई तितरवितर बनाउँछ । १६:०९ बजे एकजना घाइते महिलालाई प्रदर्शनकारीहरूले बोकेर सिभिल अस्पतालतर्फ लग्दै गरेको देखिन्छ । सुरक्षाकर्मीले संसद् परिसर नजिकबाट प्रदर्शनकारीहरूलाई हटाइसकेको अवस्था देखिन्छ भने प्रदर्शनकारीको समूह पनि पातलो भइसकेको र केही प्रदर्शनकारी सिभिल अस्पताल तथा नेपाल कमर्स क्याम्पस गेट नजिक देखिन्छन् भने अर्को प्रदर्शनकारीको समूह भने एभरेस्ट होटल अगाडि देखिन्छन् । नेपाली सेनाको टोली गाडीसहित एभरेस्ट होटेल अगाडि आएपछि त्यहाँ रहेका प्रदर्शनकारीलाई प्रहरीले बिजुलीबजारतिर लखेट्छ भने १७:३० बजे प्रहरीले सिभिल अस्पताल गेटमा रहेका प्रदर्शनकारीलाई पनि हटाउँछ । १८:१५ बजे नयाँ बानेश्वर संसद् परिसर एरियाको अवस्था सामान्य देखिन्छ ।

www.onlinekhabar.com को अनुसार भदौ २३ गते बिहान ०८:२३ बजे विद्यार्थीहरू माइतीघर आसपास प्लेकार्डसहित भेला हुन्छन् । बिहान ०९:१४ बजे थोरै सङ्ख्यामा विद्यार्थी पोशाकमा रहेका प्रदर्शनकारीहरूले राष्ट्रिय झन्डासहित माइतीघर मण्डलामा भेला भएर भ्रष्टाचारविरूद्ध नाराजुलुस गर्छन् ।

बिहान १०:०० बजे माइतीघर क्षेत्रमा प्रदर्शनकारीको भिड बढ्दै जान्छ । बिहान १०:२५ सम्म मण्डलाको दक्षिण सडक लेनमा प्रदर्शनकारी रहेको अन्य लेनमा सामान्य अवस्थामा सवारी साधन चलिरहेको देखिन्छ । १०:२७ देखि केही प्रदर्शनकारी बिजुलीबजारतर्फ लाग्दै गरेको देखिन्छ । EON YouTube Channel को अनुसार १०:५२ बजे नेपाल टेलिकमको कार्यालय नजिकको पोलमा रहेको तत्कालीन प्रम केपी ओलीको तस्बिर आक्रोशित प्रदर्शनकारीले च्यातेको घटना BijulibazarPTZ CCTV मा १०:५२ देखिएको छ ।

Bijuli Bazar PTZ र Everest Hotel PTZ १०:५८ मा बिजुली बजार पुल हुँदै प्रदर्शनकारीको पहिलो समूह निषेधित क्षेत्रमा रहेको ब्यारिकेडतर्फ बढ्दै गरेको देखिन्छ भने ११:०० बजे सुरक्षाकर्मीसँग आमुनेसामुने भएको देखिन्छ ।

Everest Hotel PTZ ११:४० मा एभरेस्ट हस्पिटल तर्फबाट केही प्रदर्शनकारी प्रहरीको ब्यारिकेडको पछाडि पुग्छन् र सशस्त्र प्रहरीको टोलीले हटाउँछ । ११:४७ बजे पुन: सोही दिशाबाट अघिल्लो पटकभन्दा धेरै प्रदर्शनकारीहरू आएर प्रहरीको ब्यारिकेड तोड्न जान्छन् भने अर्को समूह नयाँ बानेश्वर चोकतर्फ अगाडि बढ्छन् । ब्यारिकेडतर्फ लागेका प्रदर्शनकारीहरूले ब्यारिकेड तोडी चोकतर्फ लाग्छन् ।

११:४९ बजे बाइकसहितका प्रदर्शनकारीहरू नयाँ बानेश्वरचोकतर्फ बढेको देखिन्छ । ११:५४ बजे प्रहरीले भिडलाई रोक्न फर्मेसनमा रहन प्रयास गरेको देखिन्छ । ११:५५ बजे भिडलाई तितरबितर पार्न प्रहरीले वाटर क्याननको प्रयोग गरेको देखिन्छ भने भिडले प्रहरीमाथि ढुङ्गा प्रहार गरेकोमा भिडलाई नियन्त्रण गर्न नसकेकोले वाटर क्यानन, अश्रुग्याँस प्रयोग गर्दै प्रहरी बानेश्वर चोकतर्फ पछि हट्दै गरेको र भिडको मुख्य जमात संसद् भवनतर्फ अघि बढ्दै गरेको देखिन्छ ।

Baneshwor Chowk ११:५५ बजे सवारी साधन सुचारू रहँदै गर्दा प्रहरी अश्रुग्याँस प्रहार गर्दै संसद् भवनतर्फ पछि हटिरहेको देखिन्छ भने प्रदर्शनकारीहरू Youth Against Corruption लेखिएको ब्यानरसहित संसद् भवनतर्फ बढ्दै गरेको देखिन्छ ।

Civil Hospital PTZ ११:५१ मा बाइकसवारसहितको पहिलो समूह संसद् भवन गेट अगाडि पुगेको देखिन्छ भने संसद् भवनको मेनगेटमा रहेको क्यामेराअनुसार ११:४६ बजे सो समूह पुगेको देखिन्छ । onlinekhabar.com अनुसार ११:४९ बजे २० जना जतिको समूह पुगेको देखिन्छ ।

BICC अगाडि रहेको CCTV मा ११:५४ बजे प्रहरीद्वारा अश्रु ग्यासको प्रयोग गरी भिडलाई तितरबितर बनाएकोमा ११:५७ बजे वाटर क्यानन पछ्याउँदै प्रदर्शनकारी मेनगेट अगाडि पुग्छन् । १२:०१ बजे सुरूमा दुईजना प्रदर्शनकारी गेटमाथि चढेको देखिन्छ भने सिभिल हस्पिटल नजिक रहेको CCTV मा भने १२:०५ बजे पर्खाल चढेर गेटमाथि चढेको देखिन्छ । नयाँबानेश्वर चोकबाट ठुलो सङ्ख्यामा आएको भिड संसद् भवन गेट नजिक जम्मा भएपछि सडकपेटीमा रहेको रेलिङ तोडेर त्यही रेलिङको सहारामा गेटमाथि चढेको देखिन्छ । १२:०५ BICC PTZ ठुलो मात्रामा प्रदर्शनकारी BICC मेनगेट अगाडि जम्मा भइसकेका हुन्छन् । BICC गेटमाथि रहेका प्रदर्शनकारीलाई लक्षित गरी अश्रुग्याँस प्रहार, प्रदर्शनकारीद्वारा अश्रुग्याँस सेल प्रहरीतर्फ नै प्रहार, सोही घटना Civil Hospital PTZ मा १२:१० बजे देखिएको, onlinakhabar.com र EON YouTube channel बाट समेत यससम्बन्धी घटनाक्रम उल्लेख गरिएको छ ।

# द राइजिङ स्कूलमा आँखा परीक्षण

भक्तपुर, ६ भदौ । द राइजिङ इङलिस सेकेन्डरी स्कूल याछेँको वार्षिक कार्यतालिकाअनुसार शुक्रबार विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि ख्वप तिलगङ्गा आँखा अस्पताल भक्तपुरको प्राविधिक सहयोगमा आँखा परीक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त दिन विद्यालयका सबै विद्यार्थी तथा शिक्षकहरूको आँखा परीक्षण भएको थियो । आँखा परीक्षणको क्रममा थप उपचार आवश्यक परेकाहरूलाई ख्वप तिलगङ्गा आँखा अस्पताल भक्तपुरमा रिफर गरिएको थियो ।

*'भक्तपुर...*

नेमकिपाले महिलाहरूलाई शिक्षित बनाउन महिला साक्षरता कार्यक्रम सञ्चालन गरेको स्मरण गर्दै उहाँले भक्तपुर काण्ड नेमकिपालाई समाप्त पार्ने उद्देश्यले षड्यन्त्रपूर्वक रचिएको बताउनुभयो ।

नेमकिपा वडा नं. १० समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालले २०४५ सालको भक्तपुर काण्डबारे नयाँ पुस्तालाई निरन्तर जानकारी गराइराख्नुपर्ने बताउनुभयो । त्यस्ता षड्यन्त्र पुन: दोहोरिन सक्ने भएकोले सचेत रहनुपर्ने उहाँको भनाइ थियो ।

पूर्वनगरप्रमुख चैत्यराज शाक्यले भक्तपुर काण्डको स्मरण गर्दै महिलाहरूको राजनीतिक चेतनाका लागि तालिम तथा प्रशिक्षण आवश्यक रहेको बताउनुभयो । छोरी-बुहारीबिच परिचयात्मक सम्बन्ध विस्तार गर्न यस्ता कार्यक्रम आवश्यक रहेको उहाँले बताउनुभयो ।

छोरी-बुहारी समूहका प्रतिनिधि तारा शाक्यले स्वागत मन्तव्य राख्दै भक्तपुर काण्डका क्रममा महिलाहरूले धेरै दु:ख र पीडा सहनु परेको बताउनुभयो । कार्यक्रममा समूहका सदस्य आभा प्रजापतिले पनि आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रमका सभापति एवं वडा १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यस्तै कार्यक्रममार्फत सबैलाई सङ्गठित र सचेत रहन आग्रह गर्नुभयो ।

सङ्क्षिप्त समाचार

## कैलालीमा 'भक्तपुर काण्ड' को विरोध तथा भर्त्सना

कैलाली, ६ भदौ । नेमकिपा जिल्ला समिति कैलालीको आयोजनामा 'भक्तपुर काण्ड' को विरोध तथा भर्त्सना कार्यक्रम शनिबार लम्किचुहामा भयो । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपालाई समूल नष्ट गर्ने उद्देश्यले रचिएको भक्तपुर काण्डको विरोध तथा भर्त्सना गर्दै पञ्चायती व्यवस्था समाप्त हुनमा भक्तपुर काण्डमा गरेको अन्याय पनि एक रहेको बताउनुभयो ।

नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावलले सङ्गठनलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउँदै सङ्गठनको हरेक कार्यक्रममा उपस्थित हुनुपर्ने र पार्टी प्रकाशनहरू अध्ययन गर्नुपर्ने बताउनुभयो ।

नेक्राशिसङ्घका केन्द्रीय सदस्य जे. टी.ले भक्तपुर काण्डमा भक्तपुरमा २० महिनासम्म पञ्चायती शासकहरूले दमन गरेको र गिरफ्तारमा परेका नेता-कार्यकर्ताहरूलाई अमानवीय यातना दिएको बताउनुभयो ।

नेक्रामहिला सङ्घका केन्द्रीय सहसचिव तथा कैलाली अध्यक्ष लक्ष्मी पुनले भक्तपुर काण्डको बेला भक्तपुरका क्रान्तिकारी महिलाहरूले ठूलो साहसका साथ राज्यस्तरको खुला षड्यन्त्रविरुद्ध एकजुट भई डटेर काम गरेको स्मरण गर्नुभयो । कार्यक्रममा जीएस, गगनबहादुर थापा, ज्योति बडुवाल र एचबीले भक्तपुर काण्डको विरोध एवं भत्सना गर्नुभएको थियो ।

## साउनमा एक खर्ब ८७ अर्बको सामान आयात, ३८ अर्बको निर्यात

काठमाडौँ, ६ भदौ । चालु आर्थिक वर्षको साउनमा रु. एक खर्ब ८७ अर्ब ४४ करोड ३६ लाख २२ हजार मूल्य बराबरको वस्तु तथा सामान भित्रिएको छ । भन्सार विभागका अनुसार गत आर्थिक वर्षको साउनको तुलनामा चालु आवको सोही अवधिमा ३१ दशमलव शून्य चार प्रतिशतले आयात वृद्धि भएको हो । गत आवको साउनमा रु. एक खर्ब ४३ अर्ब चार करोड छ लाख ६९ हजार मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो । साउनमा रु. ३८ अर्ब ७० करोड ४१ लाख ४६ हजार मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ । गत साउनको तुलनामा चालु आवको सोही अवधिमा निर्यात ६१ दशमलव ७२ प्रतिशतले बढेको छ । गत आवको साउनमा भने रु. २३ अर्ब ९३ करोड २४ लाख ४१ हजार मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको भन्सार विभागले जनाएको छ । **रासस**

## पारिश्रमिक बढेपछि विद्यालय कर्मचारीको आन्दोलन स्थगित

काठमाडौँ, ६ भदौ । सरकारले विद्यालय कर्मचारीको पारिश्रमिक मासिक रु. पाँच हजारले वृद्धि गर्ने निर्णय गरेपछि नेपाल विद्यालय कर्मचारी परिषद्ले पूर्वघोषित आन्दोलनका कार्यक्रम स्थगन गरेको छ ।

परिषद्का अध्यक्ष गङ्गाराम तिवारी र महासचिव शान्तिनाथ योगीले शनिबार संयुक्त रूपमा विज्ञप्ति जारी गरेर विद्यालयका कर्मचारीको पारिश्रमिक वृद्धि गर्ने निर्णयको स्वागत गर्नुभएको छ । यद्यपि, परिषद्ले विद्यालय कर्मचारीका सेवा-सुविधा, वृत्ति विकास, पेसागत तथा सामाजिक सुरक्षा, आवश्यक दरबन्दी र स्थायी व्यवस्थापनलगायत माग सम्बोधन गर्न माग गरेको छ ।

सरकारको निर्णयअनुसार प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि सङ्घीय सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक रु. पाँच हजार वृद्धि भएको छ ।

यससँगै इसिडी सहजकर्ताको पारिश्रमिक रु. १२ हजारबाट रु. १७ हजार, विद्यालय सहयोगीको रु. १० हजारबाट रु. १५ हजार र लेखा हेर्ने विद्यालय कर्मचारीको रु. १५ हजारबाट रु. २० हजार पुगेको छ । **रासस**

## चार महिनामा विपद्का पाँच हजारभन्दा बढी घटना, २५० जनाको मृत्यु

काठमाडौँ, ६ भदौ । बितेका चार महिनामा देशका विभिन्न भागमा पाँच हजारभन्दा बढी विपद्का घटना भएका तथा तिनमा २५० जनाको मृत्यु भएको छ ।

गत वैशाख १ देखि भदौ ५ गतेसम्म देशभर पाँच हजार १४ विपद्का घटना भएका छन् । ती घटनामा २५० जनाको मृत्यु, आठ जना बेपत्ता र एक हजार ६०७ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्बाट उक्त अवधिमा छ हजार २७२ परिवार प्रभावित भएका छन् ।

यस अवधिमा सबैभन्दा बढी आगलागीका एक हजार १३६ घटना भएका छन् । यसैगरी, पहिरोका एक हजार ११, सर्पदंशका एक हजार १०, हावाहुरीका ४८०, चट्याङका २४५, बाढीका २७३ र भारी वर्षाका ३२० घटना भएका छन् ।

प्राधिकरणका अनुसार भदौ ५ गते बिहान ११:०० बजेसम्म अद्यावधिक भएको विवरणमा जनावरको आक्रमणका २७२, लेक लाग्ने ५९, हिमपहिरोका दुई, डुङ्गा पल्टिएर एक, वन डढेलोका १९१, विस्फोटनको एक, असिनाका चार र भूकम्पका चार घटना भएका उल्लेख छ ।

यही भदौ ४ देखि ५ गते बिहान ८:०० बजेसम्मको विवरणअनुसार देशका विभिन्न भागमा ३३ विपद्का घटना भएका छन् । ती घटनामा एक जनाको मृत्यु, एक जना बेपत्ता र २३ जना घाइते भएका छन् भने १४५ जना प्रभावित भएका छन् । प्राधिकरणले त्यस अवधिमा विपद्का कारण अनुमानित रु. नौ लाख ७२ हजार बराबरको क्षति भएको तथा दुई स्थानमा सडक अवरुद्ध भएको जनाएको छ । **रासस**

# क्रान्तिकारी महिलाहरूमाझ 'कालो दिन' को विरोध तथा भर्त्सना




भक्तपुर, ६ भदौ । नेपाल क्रान्तिकारी महिला सङ्घ, ९ वडा एकाइ समितिले नेमकिपाको समूल नष्ट गर्न पञ्चायती राज्यस्तरबाट वि.सं. २०४५ भदौ ९ गते रचिएको षड्यन्त्र 'कालो दिन' को विरोध तथा भर्त्सना कार्यक्रम शनिबार ठुली ब्रम्हायणी सुडालमा मनाएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी, भक्तपुर जिल्ला समितिका अध्यक्ष एवम् वाग्मती प्रदेशसभाका सांसद सुरेन्द्रराज गोसाईंले नेमकिपाको अहिलेसम्म देश र जनताको निःस्वार्थ सेवाबाहेक अरु कुनै स्वार्थ नभएको स्पष्ट पार्नुभयो । उहाँले भक्तपुर काण्ड रचेर नेमकिपाविरुद्ध अनेक भ्रम फैलाई नष्ट गर्न खोज्दा पञ्चायती व्यवस्था आफै अन्त्य भएको बताउनुभयो । त्यसबेलाका पञ्चायती हिमायतीहरू अहिले कुनै पनि रूप र रङ बदलेर फेरि षड्यन्त्र गर्न सक्नेतर्फ सचेत हुनुपर्ने उहाँले बताउनुभयो । अहिले इतिहासलाई एक एक गरी केलाउन लेखेर, सुनाएर वा गीतमार्फत प्रस्तुत गरेर स्मरण गर्नुपर्ने र नयाँ पुस्तालाई समेत सिकाउनुपर्नेमा उहाँको जोड छ ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले पञ्चायती दमन, अन्याय अत्याचारले आफूसँगै धेरैलाई सताएको बारे स्पष्ट पार्दै त्यसविरुद्ध लड्न महिलाहरूको योगदान अतुलनीय रहेको बताउनुभयो । उहाँले उपत्यका बाहिर जाँदा पनि विभिन्न पार्टीसँग नेमकिपाको तर्फबाट सैद्धान्तिक सङ्घर्ष गरेको स्मरण गर्नुभयो । उहाँले गरिबवर्ग एक दिन शासनसत्तामा पुग्ने बताउँदै हिजोको दुःखबाट सिकेर कुनै पनि षड्यन्त्रबाट टाढा रहनुपर्ने बताउनुभयो ।

शिक्षक कृष्णप्रसाद धन्छाले भूमिगत जीवनको अनुभव बताउँदै पञ्चायती षड्यन्त्र र जालझेलको सबैतिर पर्दाफास भएकै कारण पञ्चायतको अन्त्य भएको स्पष्ट पार्नुभयो । उहाँले सत्य डग्दैन, झूट टिक्दैन भन्ने चरितार्थ भएको औँल्याउँदै पञ्चायती राज्यस्तरको षड्यन्त्रविरुद्ध महिला सङ्घको योगदानलाई सम्झिनुपर्ने बताउनुभयो ।

राज्यलक्ष्मी प्रजापतिले भक्तपुर काण्ड दोहोरिन नदिन महिलाहरू हरेक कुरामा सचेत भइरहनुपर्ने बताउनुभयो । उहाँले आफूले बुझेको थाहा पाएको भक्तपुर काण्डको वास्तविक कुरा परिवार, आफन्तजन र छोराछोरीबिच छलफल हुनुपर्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष सविना प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का अध्यक्ष रवीन्द्र ज्याख्व, छोरीमैयाँ सुजखु, जगतलाल मानन्धर, रामेश्वरी कोजु, कृष्णश्वरी दुवाललगायतले बोल्नुभएको थियो ।

किसान अग्रजहरूले भक्तपुर काण्डलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गरेको उक्त कार्यक्रममा विभिन्न खेल तथा साङ्गीतिक प्रस्तुति पनि भएको थियो ।

# रामेछापका विद्यार्थी भेला तथा प्रशिक्षण कार्यक्रम

भक्तपुर, ६ भदौ । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काठमाडौँ-रामेछाप सम्पर्क समितिको आयोजनामा विद्यार्थी भेला तथा प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका पूर्वअध्यक्ष रवीन्द्र ज्याख्वले सिकाइ निरन्तर चलिरहने प्रक्रिया भएकोले विद्यार्थीहरूले नयाँ-नयाँ विषय तथा प्रविधि सिक्न सधैँ अग्रसर हुनुपर्ने बताउनुभयो ।

उहाँले आधुनिक प्रविधिलाई ज्ञान तथा सिकाइको महत्त्वपूर्ण स्रोतको रूपमा प्रयोग गर्न आग्रह गर्दै सामाजिक सञ्जालमा प्रसारित हुने भ्रामक समाचार तथा अप्रमाणित सामग्रीको पछि नलाग्न विद्यार्थीहरूलाई सचेत गराउनुभयो ।

उहाँले भन्नुभयो, "सामाजिक सञ्जालका अल्गोरिदमले प्रयोगकर्ताको सोच तथा व्यवहारमा प्रभाव पार्न सक्छ । प्रविधिको प्रयोग विवेकपूर्ण र जिम्मेवारीसहितको हुनु जरूरी छ ।"

भक्तपुरलाई विगतमा 'फोहोरको सहर'को रूपमा समेत चिनिने गरेको स्मरण गर्दै उहाँले भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्रका रूपमा विकास गर्न नेमकिपाले महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । समाजवादी व्यवस्थामा शिक्षा र स्वास्थ्य निःशुल्क हुने हुँदा यसको अभ्यास भक्तपुरमा भइरहेको उहाँको भनाइ थियो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले भक्तपुर ज्ञान-विज्ञानको केन्द्रको रूपमा विकसित हुँदै गएको उल्लेख गर्दै विद्यार्थीहरूले यहाँ उपलब्ध विभिन्न शैक्षिक तथा बौद्धिक अवसरको सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ, काठमाडौँ-रामेछाप सम्पर्क समितिका अध्यक्ष राम श्रेष्ठले विद्यार्थीहरू पाठ्यपुस्तकमा सीमित ज्ञानमा मात्र निर्भर नभई देश तथा विदेशमा भइरहेका समसामयिक घटना, विज्ञान, प्रविधि, राजनीति, अर्थतन्त्र तथा समाजका विविध पक्षबारे जानकारी हासिल गर्नुपर्ने बताउनुभयो ।

उहाँले विद्यार्थीमा जिज्ञासा, अनुसन्धान तथा अध्ययनको संस्कार विकास गर्न आवश्यक रहेको उल्लेख गर्दै नेपालको जलस्रोत सम्भावना र विद्युत् उत्पादन क्षमताबारे विभिन्न अध्ययन तथा अनुसन्धानमा विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गर्नुभयो ।

अध्यक्ष श्रेष्ठले विद्यार्थीहरूमा पठन संस्कृतिको विकास गर्ने उद्देश्यले विद्यार्थी सङ्घको पहलमा पुस्तकालय परिचयपत्रको व्यवस्था गरी पुस्तक उपलब्ध गराउने तथा आगामी दिनमा विभिन्न अतिरिक्त तथा सिर्जनात्मक गतिविधि सञ्चालन गर्ने जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति तथा नेपाल मजदुर किसान पार्टी, काठमाडौँ-रामेछाप सम्पर्क समितिका संयोजक धनबहादुर श्रेष्ठले शिक्षाको आवश्यकता, महत्त्व तथा विद्यार्थी जीवनमा यसको भूमिकाबारे प्रकाश पार्नुभयो ।

उहाँले अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक तथा अन्य कुनै समस्या उत्पन्न भएमा त्यसको समाधानका लागि जिल्ला समिति सदैव सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# जुम्लामा 'कृषि, पर्यटन तथा औद्योगिक व्यापार' महोत्सव

जुम्ला, ६ भदौ । जुम्लाको कृषि, पर्यटन तथा औद्योगिक क्षेत्रको विकास गर्ने उद्देश्यले 'कृषि, पर्यटन तथा औद्योगिक व्यापार' महोत्सव सुरु भएको छ । उद्योग वाणिज्य सङ्घ र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जुम्लाको संयुक्त आयोजनामा पाँचौँ बृहत् कृषि, पर्यटन, कृषि, संस्कृति तथा औद्योगिक व्यापार मेला आजदेखि सुरु भएको हो ।

जिल्लास्थित उद्योग वाणिज्य सङ्घका अध्यक्ष दिलबहादुर रोकायाले जुम्लामा उत्पादन हुने अर्गानिक कृषिउपज, यहाँका पर्यटकीय सम्भावना बोकेका क्षेत्रको प्रचारप्रसार गर्ने तथा संस्कृति तथा व्यापार प्रवर्द्धन गर्ने उद्देश्यका साथ १७ दिने बृहत् औद्योगिक व्यापार महोत्सव सञ्चालन गरिएको जानकारी दिनुभयो ।

जिल्ला सदरमुकाम खलङ्गा बजारमा रङ्गशालामा आयोजित महोत्सवमा स्थानीय र राष्ट्रियस्तरका चर्चित कलकारको प्रस्तुतिसमेत रहने राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका अध्यक्ष विश्वराज खत्रीले बताउनुभयो । प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले महोत्सवले उद्योग, पर्यटन र संस्कृति क्षेत्रको प्रचारप्रसार तथा प्रवर्द्धन गर्ने, उद्यमीलाई अवसर र जिल्लाका लागि नयाँ कार्ययोजनाका साथ अघि बढ्ने अपेक्षा राखिएको बताउनुभयो ।

यहाँको स्याउ, सिमी, कालिमार्सी र रातीमार्सी धान तथा पशुपालनलाई प्रवर्द्धन गरेमा जिल्लाका साथै मुलुक समृद्ध बन्ने अपेक्षासहित महोत्सव आयोजना गरिएको चन्दननाथ नगरपालिका-५ का वडाध्यक्ष बिर्ख कार्कीले जानकारी दिनुभयो । जुम्लासहित कर्णालीको मौलिक पहिचानका रूपमा रहेको खस सभ्यता झल्काउने हुड्के नाच, मागल गानको समेत मेलामा प्रदर्शन हुने सङ्घले जनाएको छ ।

**महोत्सवको आकर्षण स्थानीय उत्पादन**

उद्योग वाणिज्य सङ्घ जुम्लाद्वारा आयोजित महोत्सवमा स्थानीय उत्पादन अर्गानिक स्याउ, फापर, कोदोका परिकार, चिनो, कागुनोको खीर, मकै तथा मार्सेका लु, राडीपाखी, खरायोको टोपी, गलबन्दी मुख्य आकर्षण बनेका छन् । आलुको चिप्स, कोदोको मःमः, फापरको केक, चौँरीको दूधबाट बनेको छुर्पीका साथै पुराना संस्कृतिका कपडासमेत नमूनाका लागि महोत्सवमा राखिएको आयोजक सङ्घले जनाएको छ । त्यस्तै, स्टेसनरी सामान, कपडा होलसेल बिक्री, विभिन्न सामानका गरेर १०० भन्दा बढी कक्ष (स्टल) महोत्सवस्थलमा राखिएका छन् । **रासस**




# राज्यस्तरको षड्यन्त्र 'भक्तपुर काण्ड' घटना अघि र पछि – १

५ भदौ, २०४५ (२१ अगस्ट १९८८) को दिन अर्थात् भूकम्पको तत्कालै भक्तपुर नगर पञ्चायतका प्रधानपञ्च आशाकाजी बासुकलाको अध्यक्षतामा गठित भूकम्प पीडित सहयोग समितिले रु. दुई लाख रूपैयाँ सहयोग पुऱ्याउने निर्णय गऱ्यो; रु. दस हजार रूपैयाँ तुरुन्तै निकासा दियो र भूकम्प पीडितहरूको निम्ति प्रयोग गर्न काठमा लाग्ने नगर पञ्चायत दस्तुर मिनाहा गऱ्यो । यसले भक्तपुर नगर पञ्चायतको तदारुकतामा, जनताप्रतिको जिम्मेवारी र पुनः निर्माणको निमित्त नगर पञ्चायतले तत्काल दिनसक्ने र दिन हुने काठको दस्तुर घटाउने सहुलियत प्रदान गऱ्यो ।

६ भदौको दिन प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठको अध्यक्षतामा श्री ५ को सरकारले केन्द्रीय भूकम्प उद्धार तथा पुनर्स्थापना कोष गठन गऱ्यो । तर, त्यसबेलासम्म भूकम्प पीडित जनताको उद्धार कार्य र घरहरूको पुनः निर्माणको निम्ति सजिलो र सस्तो मूल्यमा काठ–पात उपलब्ध गराउने कुनै नीति श्री ५ को सरकारले लिन सकेन ।

७ भदौको दिन भक्तपुर जिल्ला पञ्चायतको सङ्कटकालीन बैठक बसेर जिल्ला पञ्चायतको उपसभापति गौरीमान सिंह थापाको अध्यक्षतामा जिल्ला भूकम्प पीडित उद्धार समिति गठन गरेको र जिल्ला पञ्चायतले त्यस समितिलाई मात्र रु. ५ हजार प्रदान गरेको कुरा गोरखापत्रले जनायो ।

त्यस उद्धार समिति जिल्लामा पञ्चायत सदस्यबाहेक भू.पू. सैनिक सङ्गठनका जिल्ला सभापति, भक्तपुर नगर पञ्चायतका प्रधानपञ्च, भक्तपुर प्रशासकीय अधिकृत, जिल्ला रेडक्रसका सभापति, परोपकार सङ्घ र जिल्ला स्काउटका प्रतिनिधि तथा स्थानीय विकास अधिकारी सदस्य सचिव थिए । त्यस समितिमा कर्ण ह्योजु सदस्य थिएनन् ।

**चन्दा सङ्कलन व्यवस्था**

८ भदौको दिन भूकम्प पीडित क्षेत्रमा उद्धार तथा पुनर्स्थापना कार्यका लागि चन्दा सङ्कलन





गर्ने काममा दोहोरोपन नहोस्, कार्य व्यवस्थितरूपमा होस् भन्ने दृष्टिकोणले चन्दा सङ्कलनमा सहयोग गर्न चाहने सङ्घ-संस्थाहरूले गर्नुपर्ने कार्यका सम्बन्धमा केन्द्रीय भूकम्प उद्धार तथा पुनर्स्थापना कोषले नयाँ व्यवस्था गऱ्यो ।

चन्दा सङ्कलन गर्न अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति र चन्दा सङ्कलन गर्ने क्षेत्र, मिति र समय किटान गर्न सूचना प्रकाशित गऱ्यो । त्यस सूचनाअनुसार सङ्कलन गरेको रकम केन्द्रीय भूकम्प उद्धार तथा पुनर्स्थापना कोषको नाममा स्थानीय बैङ्कमा जम्मा गर्नुपर्ने र सङ्कलित चन्दाको विवरण अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीलाई दिनुपर्दछ ।

केन्द्रीय भूकम्प उद्धार, पुनर्स्थापना कोषमा चौध सदस्यहरू अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले प्राप्त हुन आएको चन्दाको विवरण सम्बन्धित क्षेत्रको जनसाधारणको जानकारीको लागि प्रकाशित गर्नुपर्नेछ ।

*८) प्रधानमन्त्री, गृहमन्त्री र मन्त्रिमण्डलका अन्य सदस्यहरू र राष्ट्रिय पञ्चायत, पञ्चायत नीति तथा जाँचबुझ समितिका अध्यक्षसमेत सामेल भएको शव यात्रामा '...... लाई फाँसी दे' भनी नारा लगाउनु वा प्लेकार्ड राख्नाले पनि घटनामा राजनैतिक षड्यन्त्रको गन्ध आउनु स्वाभाविक छ ।*

*९) भक्तपुर नगर पञ्चायतलाई भङ्ग गरी '.... लाई फाँसी दे' भनी नारा लगाउने र मोटरको अगाडि बस्ने व्यक्तिलाई नै प्रधानपञ्च बनाउनाले षड्यन्त्रलाई झन् प्रस्ट पार्छ ।*



त्यस 'नयाँ व्यवस्था' अनुसार भक्तपुर जिल्ला उद्धार समितिले उठाएको चन्दा केन्द्रीय उद्धार समितिमा पठाउने र उद्धार सामग्री वितरण प्रधानपञ्चहरूमार्फत गर्ने निर्णय गरेको थियो । सो निर्णयको जानकारी भक्तपुर नगर पञ्चायतलाई पनि दिएको बताइयो ।

**केन्द्रीय भूकम्प उद्धार पुनर्स्थापना कोषमा चौध सदस्यहरू**

८ भदौको दिन प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठको अध्यक्षतामा गठित केन्द्रीय भूकम्प उद्धार तथा पुनर्स्थापना कोषमा सदस्य सचिवलगायत १४ सदस्य छन् । कोषका सदस्यहरूमा परराष्ट्रमन्त्री, स्वास्थ्यमन्त्री, आवास तथा भौतिक योजनामन्त्री, अर्थमन्त्री, गृहराज्यमन्त्री, नेपाल राष्ट्र बैङ्कका गभर्नर तथा मुख्य सचिव छन् ।

कोषका अन्य सदस्यहरूमा राष्ट्रिय पञ्चायत सामाजिक समितिका सभापति, राष्ट्रिय पञ्चायतका आर्थिक समिति सभापति, नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्ष, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष, सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्का सदस्य सचिव र नेपाल रेडक्रस सोसाइटीका महामन्त्री छन् । कोषका सदस्य सचिवमा गृहसचिव हुने कुरा प्रधानमन्त्रीको कार्यालयबाट थाहा भएको थियो ।

गोरखापत्र ९ भदौ २०४५

**विभिन्न सङ्घ संस्थाका कर्मचारीबाट भूकम्प पीडितका निम्ति सहायता**

९ (२५ अगस्ट १९८८) भदौका दिन राहत कार्य सञ्चालनको निम्ति भक्तपुर जिल्ला पञ्चायतका सभापति सुरेन्द्रप्रताप शाहको अध्यक्षतामा नौ सदस्यीय एक उद्धार उपसमिति पनि गठन गरियो ।

त्यस उपसमितिमा रा.प.स. गोविन्द दुवाल, भू.पू. रा.प.स. मदनकृष्ण हाडा, प्रमुख जिल्ला अधिकारी, शाही वीरेन्द्र सैनिक शिक्षालयका प्रतिनिधि, प्रहरी प्रतिनिधि, प्रधानपञ्च (नगर पञ्चायत) र स्थानीय अधिकारी पनि सदस्य थिए । अन्य सल्लाहकारहरूमा रा.प.स. विद्यादेवी देवकोटा, श्रीधर शमशेर ज.ब.रा. र श्रीमती मन्दिरा श्रेष्ठ थिए ।

जिल्ला पञ्चायतको उपसभापति गौरीमान सिंह थापाको अध्यक्षतामा गठन भएको जिल्ला भूकम्प पीडित उद्धार समितिमा जस्तै ९ भदौको दिन जिल्ला सभापति सुरेन्द्रप्रताप शाहको अध्यक्षतामा गठित ९ सदस्यीय उद्धार उपसमितिमा पनि कर्णप्रसाद ह्योजु सदस्य थिएनन् ।

९ भदौको घटनाबारे ११ भदौको गोरखापत्रले एक समाचार दियो, त्यसको शीर्षक थियो- 'भू.पू. रा.प.स. ह्योजुको हत्या : ३५ हिरासतमा', राससको १० भदौको त्यस रिपोर्टिङमा एक शोक प्रस्ताव स्वीकृत गरेको कुरा उल्लेख गरिएको थियो । गोरखापत्रमा लेखिएको छ -

राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीको अनुमतिले राष्ट्रिय पञ्चायतको आजको बैठकमा सार्वजनिक महत्त्वको विषयमा वक्तव्य दिँदै गृहराज्यमन्त्री निरन्जन थापाले गत भदौ ५ गते भएको भूकम्पबाट पीडित भक्तपुरका व्यक्तिहरूको उद्धारका लागि हिजो भदौ ९ गते किराना खाद्य संस्थान काठमाडौँले चामल, दाल, क्वाटी बाँड्ने सिलसिलामा विभिन्न विद्यालयहरूमा राखिएका पीडित परिवारहरूलाई विद्यालयमा गई कुपन बाँड्ने र सोही कुपनको आधारमा उक्त किराना खाद्यले दिने क्रम सुरु गरेपछि उक्त वितरणमा पक्षपात भयो भनी अनावश्यक बखेडा खडा गरी उद्धार कार्यमा सहयोग गरिरहेका भूतपूर्व रा.प.स. कर्णप्रसाद ह्योजुलाई सूर्योदय माध्यमिक विद्यालय हनुमानघाटमा राखिएको क्याम्पबाट एक्कासि त्यहाँ एकत्रित भिडले लछारपछार गर्दै त्यसमध्ये केही व्यक्तिहरूले पिट्न थालेको घटनाको खबर प्राप्त हुनासाथ तुरुन्त प्रहरीहरू पुगी कर्णप्रसाद ह्योजुलाई भिडबाट छुटाई उपचारका लागि वीर अस्पतालमा पुऱ्याइएको कुरा बताउनुभयो ।

श्री ह्योजुको यथासम्भव उपचार हुँदाहुँदै हिजो राति ११:४५ बजे मृत्यु हुन गएको र उहाँसँगै घाइते भएका उत्तमबहादुर श्रेष्ठको उपचार भइरहेको कुरा पनि गृहराज्यमन्त्रीले सदनलाई बताउनुभयो ।

यसैबिच भूतपूर्व रा.प.स. कर्णप्रसाद ह्योजुको लास दाह संस्कारका लागि आज अपराह्न भक्तपुर लगियो ।

जुलुसमा प्रधानमन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्ष, मन्त्रीगण, रा.प.स.हरू र भूतपूर्व प्रधानमन्त्रीका साथै विभिन्न तहका पञ्च तथा वर्गीय सङ्गठनका कार्यकर्ताहरू, पञ्चायत नीति तथा जाँचबुझ समितिका पदाधिकारीहरू र स्थानीय जनता सम्मिलित थिए ।

गृहराज्यमन्त्री निरन्जन थापाले सदनलाई दिएको त्यस जानकारीअनुसार प्रहरीहरू 'तुरुन्त' पुगी 'भिडबाट छुट्याई' वीर अस्पतालमा 'उपचारको लागि' पुऱ्याइएको बताएका छन् ।

गृह राज्यमन्त्रीको त्यो भनाइ २१ भदौको दिन सदनलाई दिइएको जानकारीसँग मेल खाँदैन । सदनलाई दिइएको विवरणमा भनिएको छ -

"घटना हुनुअगाडि भक्तपुर हनुमानघाट नजिक रहेको सूर्योदय माध्यमिक विद्यालयमा भूकम्प पीडितहरूको लागि खडा गरिएको शिविरमा सहयोगार्थ स्थानीय प्रशासनबाट तीनजना प्रहरीलाई खटाइएको थियो र भूकम्प पीडितहरूलाई खाद्यान्न वितरण गर्ने विषयलाई लिएर मृतक कर्णप्रसाद ह्योजु र निजका विपक्षका व्यक्तिहरूबिच वादविवाद हुँदै गर्दा विपक्षका ६०/७० जना व्यक्तिले निजलाई घेराउ गरी गल्लीको बाटो दत्तात्रयतिर लगेपछि उक्त शिविरमा दुईजना प्रहरी भिडको पछि गएका थिए ।

शिविरमा रहेका अर्का प्रहरी जवान यसबारे जिल्ला प्रहरी कार्यालयमा खबर गर्न गएको र उक्त खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालयमा उपस्थित रहेका प्रहरी नायब निरीक्षक समेत ७ (सात) जना प्रहरी दत्तात्रय पुगेका थिए । त्यहाँ चार-पाँच हजारको भिड जम्मा भएको र बाटोसमेत साँघुरो भएकोले प्रहरीले भिडलाई नियन्त्रण गर्न सकेन ।

यसैबिच वाग्मती अञ्चलाधीश कार्यालयमा भएको भूकम्प सहयोग समितिको बैठकमा भाग लिई भक्तपुरतर्फ फर्किरहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षकले सो खबर वाकीटाकीबाट पाउनासाथ आफ्नो साथमा भएका पाँच जना प्रहरी लिई सोझै सुकुलढोकामा पुगी कर्णप्रसाद र उत्तमबहादुर श्रेष्ठलाई भिडबाट निकाली मोटरमा राख्न खोज्दा त्यहाँ उपस्थित भिडले मोटर घेरी उनीहरूलाई छुटाई लगेका थिए ।

त्यसपछि प्रहरी नायब उपरीक्षकले मद्दतको लागि आइरहेको लाठी, हेल्मेटसहितका ३५ जना प्रहरी लिई सुकुलढोकामा पुगी हुललाई पन्छाई घाइतेहरूलाई निकाली प्रहरीको भ्यानमा राखी उद्धारका लागि वीर अस्पतालमा पठाइएका थिए ।

गृहराज्यमन्त्रीले ३ जना प्रहरी पहिले नै स्थानीय प्रशासनबाट पठाएको, पछि ७ जना प्रहरी दतात्रय पुगेको, ५ जना प्रहरीसहित नायब उपरीक्षक स्वयम् 'सुकुलढोका' पुगेको र पुनः ३५ जना सशस्त्र प्रहरी पुगेपछि कर्ण ह्योजुलाई भिडबाट हटाई वीर अस्पताल लगिएको जानकारी दिएका थिए । तर, गृहराज्यमन्त्रीले दत्तात्रयको प्रहरी चौकी मूकदर्शक भएको जानकारी नदिनु आश्चर्यजनक छ । स्थानीय जनता चौकीमा उजुर गर्न जाँदा वास्ता गरिएन । डी.एस.पी. अफिसमा एक घण्टासम्म बचाउको लागि प्रहरी माग्दा वास्ता गरिएन । भ्यानमा राखिसकेको ह्योजुलाई भिडले तान्दा डी.एस.पी.ले वास्ता गरेनन् भन्ने गुनासो पनि सुनियो ।

**निष्कर्ष**

**माथिका विवरणहरूबाट तलका कुराहरू स्पष्ट हुन्छ -**

१) भूकम्प पीडित जनताको उद्धार र पुनर्स्थापना कार्यमा श्री ५ को सरकार र भक्तपुर जिल्ला पञ्चायतभन्दा भक्तपुर नगर पञ्चायत जिम्मेवारी, तदारुकता र नीति निर्माणमा अगाडि थियो । यो कुरा श्री ५ को सरकारलाई सह्य भएन ।

२) ६ भदौको दिन गठन भएको केन्द्रीय भूकम्प उद्धार र पुनर्स्थापना कोष, भक्तपुर जिल्ला भूकम्प पीडित उद्धार समिति र भक्तपुर जिल्ला पञ्चायत सभापति सुरेन्द्रप्रताप शाहको अध्यक्षतामा गठन भएको उद्धार उपसमितिमा पनि कर्ण ह्योजु सदस्य थिएनन् ।

३) ८ भदौको दिन 'चन्दा सङ्कलन व्यवस्था' बारे श्री ५ को सरकारले गरेको निर्णयअनुसार चन्दा सङ्कलनको केन्द्रीकरण र वितरणको बन्दोबस्त पञ्चायत वा प्रधानपञ्चहरूमार्फत गरिएको थियो । सो निर्णयअनुसार विराटनगरमा भू.पू. प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालाई समेत भूकम्प पीडितहरूलाई उद्धार सामग्री तथा फलफूल वितरण गर्न दिइएको थिएन । तर, कुनै उद्धार कोष र समितिको सदस्य नभएका कर्ण ह्योजुलाई उद्धार सामग्रीको कुपन बाँड्न किन र कसले गर्न लगायो ? एक गम्भीर छानबिनको विषय टड्कारो रूपले देखापर्यो ।

४) तर, २१ भदौको दिन गृहराज्यमन्त्री निरञ्जन थापाले राष्ट्रिय पञ्चायतमा दिएको जानकारीअनुसार ह्योजुले खाद्यान्नको कुपन वितरण गर्न सूर्योदय माध्यमिक विद्यालयमा सहयोगार्थ स्थानीय प्रशासनबाट तीन जना प्रहरीलाई 'किन र कसरी' खटाइएको थियो भन्ने प्रश्न खडा हुन्छ । स्थानीय प्रशासनलाई ह्योजुमार्फत खाद्यान्नको कुपन वितरण गर्न लगाउने आदेश कसले किन दियो ? त्यसबारे जिल्ला पञ्चायत वा जिल्ला उद्धार समितिलाई थाहा थियो वा थिएन ?

५) खाद्यान्नको कुपन वितरणमा पक्षपात वा धाँधली भएको हो वा होइन ? हो भने त्यसको जिम्मेवार को हुन् ?

६) शान्ति र सुरक्षा स्थापना गर्नमा 'लापरबाही' गरेकोमा भक्तपुर प्र.जि.अ. थानेश्वरप्रसाद कोइराला, प्रहरी नायव उपरीक्षक तेजबहादुर मल्ल, प्रशासकीय अधिकृत गोविन्द खनाल र प्रहरी नायब निरीक्षक दयानन्द मल्लिकलाई निलम्बन गरी कारबाही सुरु गरेको कुरा पनि गृह राज्यमन्त्रीले जानकारी दिए ।

त्यसको अर्थ के ह्योजुलाई प्रधानमन्त्री वा जाँचबुझ समितिको अध्यक्षबाट गर्न दिएको अनियमित वितरण कार्यमा स्थानीय प्रशासनले आवश्यक शान्ति सुरक्षा गर्न नसकेको हो ? वा स्थानीय प्रशासनले नै अनियमित वितरण गर्न दिएको कारणबाट उत्पन्न घटनाको जिम्मेवारीको कारण माथि उल्लेखित कर्मचारीहरू कारबाहीमा परेका हुन् ? प्रस्ट गर्नुपर्ने विषय भएको छ ।

७) घटनाबारे अनुसन्धान सुरु हुनुभन्दा पहिले नै अथवा जाहेरीभन्दा पहिले नै प्रहरीले राजनैतिक व्यक्तिहरूलाई पक्राउ गर्नुले श्री ५ को सरकारको नियतमाथि शङ्का गर्ने आधार खडा गऱ्यो ।

८) प्रधानमन्त्री, गृहमन्त्री र मन्त्रिमण्डलका अन्य सदस्यहरू र राष्ट्रिय पञ्चायत, पञ्चायत नीति तथा जाँचबुझ समितिका अध्यक्षसमेत सामेल भएको शव यात्रामा '...... लाई फाँसी दे' भनी नारा लगाउनु वा प्लेकार्ड राख्नाले पनि घटनामा राजनैतिक षड्यन्त्रको गन्ध आउनु स्वाभाविक छ ।

९) भक्तपुर नगर पञ्चायतलाई भङ्ग गरी '.... लाई फाँसी दे' भनी नारा लगाउने र मोटरको अगाडि बस्ने व्यक्तिलाई नै प्रधानपञ्च बनाउनाले षड्यन्त्रलाई झन् प्रस्ट पार्छ ।

१०) नगरसभासमेत भङ्ग गर्नुले त सरकार नाङ्गो भएर अगाडि आएको प्रस्ट हुन्छ ।

११) नगर पञ्चायतका स्थायी कर्मचारीहरूलाई समेत अवकाश दिनु र नगर पञ्चायतमा चोरी हुनु आदि सबै सरकारको प्रतिक्रियावादी षड्यन्त्रकै सिलसिला हुन् भन्ने छर्लङ्ग हुन्छ ।

***'मजदुर-किसान', वर्ष १, अङ्क २, २०६८ बाट***



मध्य गाजापट्टीको देर अल बल्लाहमा बचेका केही भवनहरू विध्वंस गर्न इजरायली हवाई मिसाइल हमला हुँदा उठेको धुवाँ र धुलोको मुस्लो अगस्ट २२, २०२६ को दिन । आक्रमणमा परी दर्जनौँको मृत्यु वा गम्भीर घाइते भएको हुनसक्ने अनुमान गरिएको छ ।

*तस्बिर : एपी /अब्देल करिम हाना*

# स्वेजको विकल्प बन्दै आर्कटिक मार्ग तर व्यावसायिक चुनौती कायमै

पेरिस, २२ अगस्ट (एएफपी)। खाडी क्षेत्रमा जारी अशान्तिका कारण स्वेज नहर हुँदै हुने जलयातायात प्रभावित भएपछि युरोप र एसियाबिच छोटो दूरीको समुद्री मार्गका रूपमा आर्कटिकको 'नर्दन सी रुट' (एनएसआर) प्रति चासो बढेको छ । तर, विज्ञहरूले यसको व्यावसायिक सम्भावना निकट भविष्यमा सीमित रहने बताएका छन् ।

जलवायु परिवर्तनका कारण आर्कटिक क्षेत्रमा हरेक वर्ष लामो समयसम्म बरफ पग्लिन थालेपछि चीन र दक्षिण कोरियाका कन्टेनर जहाजहरूले आगामी साताहरूमा रुसी जलक्षेत्र हुँदै एनएसआरको सम्भाव्यता परीक्षण गर्ने तयारी गरेका छन् । यद्यपि, उद्योग विज्ञहरूका अनुसार यसले निकट भविष्यमा विश्वव्यापी समुद्री ढुवानीको ठूलो हिस्सा परम्परागत मार्गबाट विस्थापित गर्ने सम्भावना कम छ ।

यमनका हुथी विद्रोहीहरूले लाल सागर र बाब अल-मन्देब जलसन्धि क्षेत्रमा व्यापारिक जहाजमाथि आक्रमण गरेपछि धेरै ढुवानी कम्पनीले स्वेज नहरको मार्ग प्रयोग गर्न छाडेका छन् । उनीहरूले अफ्रिकाको दक्षिणी भागस्थित 'केप अफ गुड होप' हुँदै जहाज सञ्चालन गर्दा एसिया र युरोपबिचको यात्रा समय, इन्धन खर्च र कार्बन उत्सर्जन बढेको छ ।

यसको तुलनामा एनएसआर प्रयोग गर्दा स्वेज नहरको तुलनामा दूरी ३० देखि ४० प्रतिशतसम्म र केप अफ गुड होप हुँदै जाने मार्गको तुलनामा करिब आधा घटाउन सकिने क्रेडिट बीमा समूह 'कोफेस' ले जनाएको छ ।

तर, फ्रान्सको सेन्ट-नाजेरस्थित हायर इन्स्टिच्युट अफ मेरिटाइम इकोनोमिक्स (आइएसइएमएआर) का निर्देशक पल टुरेटका अनुसार एनएसआर मुख्यत: अगस्टदेखि अक्टोबरसम्म मात्र प्रयोग गर्न सकिन्छ । साथै, बरफमा सञ्चालन गर्न सकिने विशेष 'आइस-क्लास' जहाज आवश्यक पर्ने भएकाले लागत पनि बढी हुन्छ ।

यसका कारण ठूला कन्टेनर जहाजहरूका लागि यो मार्ग आकर्षक नहुन सक्छ । फ्रान्सेली समुद्री ढुवानी विशेषज्ञ जेरोम डे रिकल्सका अनुसार यसै महिना निङ्बोबाट युरोपतर्फ एनएसआर हुँदै यात्रा सुरु गरेको चिनियाँ कन्टेनर जहाज 'दुबई टावर' को क्षमता ठूला कन्टेनर जहाजको तुलनामा करिब एक-दशांश मात्र छ ।

एनएसआर हुँदै यात्रा गर्ने अधिकांश कन्टेनर जहाजलाई रुसी आणविक शक्तिबाट सञ्चालित आइसब्रेकरको सहयोग आवश्यक पर्छ । बीमा समूह 'एलियान्ज कमर्सियल' का अनुसार सन् २०२५ मा २३ वटा जहाजले उक्त मार्ग प्रयोग गरेका थिए, जुन सन् २०२४ को १५ वटाभन्दा बढी हो ।

तर, स्वेज नहर हुँदै दैनिक सञ्चालन हुने जहाजको तुलनामा यो सङ्ख्या निकै कम हो । मध्यपूर्वमा द्वन्द्व जारी रहे पनि सन् २०२६ को पहिलो छ महिनामा दैनिक करिब ३५ वटा जहाजले स्वेज नहर पार गरेका थिए । सन् २०२३ मा हुथी आक्रमण सुरु हुनुअघि यो सङ्ख्या दैनिक ५० भन्दा बढी थियो ।

'कोफेस' का अनुसार पूर्वी एसिया, उत्तरी युरोप र उत्तरी अमेरिकाबिच हुने हालको समुद्री व्यापारको बढीमा तीन दशमलव पाँच प्रतिशत मात्र आर्कटिक मार्गतर्फ सार्न सकिने सम्भावना छ ।

कोफेस अध्ययनकी अर्थशास्त्री इभ बारले सन् २०३० सम्म पनि एनएसआरको व्यावसायिक सम्भावना अत्यन्त सीमित रहने र मुख्यत: कच्चा पदार्थको ढुवानीमा केन्द्रित हुने बताउनुभयो ।

यद्यपि, तेल तथा तरल प्राकृतिक ग्यास बोक्ने जहाजका लागि यो मार्ग केही हदसम्म आकर्षक हुनसक्ने अध्ययनले देखाएको छ । केही अवस्थामा यस्ता जहाजले ढुवानी लागत ४५ देखि ५० प्रतिशतसम्म घटाउन सक्ने जनाइएको छ । सुक्खा थोक मालवाहक जहाजले पनि आइसब्रेकरको सहयोगमा यो मार्ग प्रयोग गर्न सक्ने सम्भावना छ ।

तर, आर्कटिक क्षेत्रमा बढ्दो जलयातायातले वातावरणीय जोखिम निम्त्याउने चिन्ता पनि छ । जहाजबाट निस्कने कालो कार्बनले सूर्यको ताप सोस्ने भएकाले बरफ पग्लिने क्रम तीव्र हुनसक्छ । तेल चुहावटको जोखिम पनि उत्तिकै चिन्ताको विषय हो ।

फ्रान्सको सीएमए-सीजीएम, स्विट्जरल्यान्डको एमएससी र जर्मनीको हापाग-लोयडलगायत ठूला पश्चिमी ढुवानी कम्पनीले उत्तरी समुद्री मार्ग प्रयोग नगर्ने प्रतिबद्धता जनाइसकेका छन् ।

समग्रमा एनएसआरले विश्वव्यापी व्यापारको वर्तमान संरचनामा ठूलो परिवर्तन ल्याउने सम्भावना नरहेको बारले बताउनुभयो । उहाँका अनुसार रूस, चीन र अमेरिकाबिच बढ्दो रणनीतिक प्रतिस्पर्धाका कारण आर्कटिक जलमार्गप्रतिको चासो व्यापारिकभन्दा राजनीतिक पक्षबाट बढी प्रेरित देखिन्छ ।

आइएसइएमएआरका टुरेटले पनि चिनियाँ र दक्षिण कोरियाली जहाजका परीक्षण यात्रालाई सीमित महत्त्वको घटना भन्दै एउटा चिनियाँ कन्टेनर जहाजको यात्राले 'ध्रुवीय सिल्क रोड' निर्माण नहुने टिप्पणी गर्नुभयो ।

# इबोला प्रकोपबिच डीआर कङ्गोमा १६ हजार २५० डोज खोप आइपुग्यो

किन्शासा, २२ अगस्ट (एएफपी) । इबोलाको प्रकोपबाट प्रभावित डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआर कङ्गो) मा १६ हजार २५० डोज 'एर्भेबो' खोप आइपुगेको छ । देशमा इबोलाको १७औँ प्रकोप तीव्र रूपमा फैलिरहेका बेला शुक्रबार खोपको पहिलो खेप आइपुगेको हो ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार डीआर कङ्गोले जर्मनीमा उत्पादित एर्भेबो खोपको कुल ७० हजार डोज प्राप्त गर्नेछ । तीमध्ये २० हजार डोज चिकित्सकीय परीक्षणका लागि र ५० हजार डोज अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकर्मीलगायतका लागि प्रयोग गरिनेछ ।

औषधि कम्पनी मर्कले विकास गरेको एर्भेबो खोप इबोला भाइरसको जायर स्ट्रेनविरुद्ध प्रयोगका लागि स्वीकृत भए पनि हाल डीआर कङ्गोमा फैलिएको बुन्डिबुग्यो स्ट्रेनविरुद्ध यसको प्रभावकारिता प्रमाणित भइसकेको छैन । यद्यपि प्रारम्भिक अध्ययनले यसले उक्त स्ट्रेनविरुद्ध केही सुरक्षा प्रदान गर्न सक्ने देखाएको डब्लुएचओले जनाएको छ ।

डीआर कङ्गोका स्वास्थ्यमन्त्री शमूएल रोजर काम्बाले एर्भेबो खोप यसअघि पनि विशेषगरी सन् २०१८-२०२० को इबोला प्रकोपका क्रममा ठूलो मात्रामा प्रयोग गरिएको बताउनुभयो ।

डीआर कङ्गोमा मे १५ मा इबोलाको १७औँ प्रकोप घोषणा गरिएको थियो । तर योभन्दा केही साताअघिदेखि नै सङ्क्रमण फैलिन थालेको अनुमान गरिएको छ । देशका उत्तर तथा पूर्वी क्षेत्रहरूमा स्वास्थ्य पूर्वाधारको अभाव र सशस्त्र समूहको गतिविधिका कारण सङ्क्रमण नियन्त्रण चुनौतीपूर्ण बनेको छ ।

कङ्गोली अधिकारीका अनुसार हालसम्म पाँच हजार २९० पुष्टि भएका सङ्क्रमितमध्ये दुई हजार ५१६ जनाको मृत्यु भइसकेको छ । संयुक्त राष्ट्रसङ्घका वरिष्ठ इबोला संयोजक जुलियन हार्निसले प्रकोप तीव्र गतिमा फैलिरहेको चेतावनी दिनुभएको छ ।

डब्लुएचओका खोप विज्ञहरूले बुन्डिबुग्यो स्ट्रेनविरुद्ध एर्भेबोले सुरक्षा प्रदान गर्छ कि गर्दैन भन्ने यकिन गर्न मानव परीक्षण गर्न सिफारिस गरेका छन् । उक्त स्ट्रेनलाई लक्षित गर्ने अन्य खोपहरू पनि हाल चिकित्सकीय परीक्षणको चरणमा छन् ।

पछिल्लो पाँच दशकमा इबोलाका कारण अफ्रिकामा १५ हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ ।

## विश्व सङ्क्षेप

# इरानद्वारा अमेरिकी आर्थिक प्रतिबन्धको विरोध

तेहरान, २२ अगस्ट (सिन्हवा) । इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले शनिबार राष्ट्रपति डोनाल्ड ट्रम्पको तेहरानविरुद्धको नयाँ आर्थिक प्रतिबन्धको अभियानको आलोचना गर्दै वाशिङ्गटनले अन्य देशहरूलाई अमेरिकी प्रतिबन्धहरूको पालना गर्न बाध्य पार्न खोजिरहेको बताउनुभएको छ । तेहरानसँग आर्थिक कारोबार गर्ने देशहरू, कम्पनीहरू र वित्तीय संस्थाहरूका लागि यसको परिणामहरू खतराजन्य रहेको भन्दै संयुक्त राज्य अमेरिकाले इरानविरुद्ध अहिलेसम्मको सबैभन्दा कडा आर्थिक कारबाही सुरु गर्ने योजना बनाएको ट्रम्पले बताएका छन् ।

बाघाईले सामाजिक सञ्जाल एक्समा यस्ता प्रतिबन्धहरू अन्य देशहरूमा अमेरिकाको बाह्य सार्वभौमत्वको दाबी बराबर भएकोसमेत बताउनुभएको छ । उहाँले वासिङ्टनलाई विदेशी बैङ्कहरू, कम्पनीहरू वा अन्य संस्थाहरूलाई इरानसँगको व्यापार रोक्न बाध्य पार्ने कुनै अधिकार नभएको उल्लेख गर्दै त्यस्ता गतिविधिहरू संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लेखित सार्वभौम समानताको सिद्धान्त विपरित रहेको बताउनुभएको छ ।

यसैगरी, इरानी संसद्को राष्ट्रिय सुरक्षा र विदेश नीति समितिका अध्यक्ष इब्राहिम अजिजीले शुक्रबार वासिङ्टनले कूटनीतिको मर्मविपरितको प्रयास गरेको बताउनुभएको छ । संयुक्त राज्य अमेरिका र इरानबिच अन्तिम सम्झौताको लागि वार्ता गर्न तोकिएको ६० दिनको समयसिमा सोमबार कुनै सम्झौताबिना समाप्त भएपछि पछिल्लो तनाव आएको हो । दुवै पक्षले गत जून महिनामा शत्रुता अन्त्य गर्ने र वार्ताको लागि मार्गप्रशस्त गर्ने उद्देश्यले अन्तरिम ज्ञापन पत्रमा हस्ताक्षर गरेका थिए ।

# लिबियाको हतियार तथा गोलाबारुद भण्डारमा विस्फोट

त्रिपोली, २२ अगस्ट (सिन्हवा)। पश्चिमी लिबियाको हतियार तथा गोलाबारुद भण्डारण सुविधामा शुक्रबार साँझ विस्फोट हुँदा भण्डारण गरिएका मिसाइल र गोलाबारुद उडाएको स्थानीय मिडिया तथा अधिकारीहरूले जनाएका छन् । यो भण्डारण लिबियाको राजधानी त्रिपोलीबाट करिब २०० किलोमिटर पूर्वमा अवस्थित मिसराता सहरको दक्षिणमा अल-सिक्त क्षेत्रमा रहेको जनाइएको छ । गोलाबारुद भण्डारभित्र लगातार विस्फोट जारी रहेको स्थानीय मिडियाले जनाएका छन् भने अधिकारीहरूले नजिकैका सडक सञ्जालहरू बन्द गरेर थप जोखिमहरूविरुद्ध सावधानीका तथा सुरक्षाका उपायहरू अवलम्बन गरिरहेको जनाएको छन् । लिबिया सरकारका कार्यवाहक आन्तरिक मन्त्रीले अल-सिक्त क्षेत्रको गोला बारुद र हतियार भण्डारणमा भएको विस्फोटबारे निर्देशन जारी गरेको सुरक्षा मिडिया विभागले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

विस्फोट स्थल र वरपरका क्षेत्रहरूको सर्वेक्षण गर्न र विस्फोटका अवशेषहरू सङ्कलन गर्न सुरक्षा टोलीहरू पठाइएको विज्ञप्तिमा जनाइएको छ । विस्फोटको कारण वा क्षति बारेमा आजसम्म कुनै पनि आधिकारिक जानकारी उपलब्ध हुन नसकेको जनाइएको छ ।

# एल निनो र युद्धको दोहोरो मारमा सुडानको कृषि क्षेत्र

गेदारेफ, २२ अगस्ट (एएफपी)। सुडानमा नाइल नदीको जलस्तर घटेसँगै किसानहरू सिँचाइका लागि पानी जुटाउन सङ्घर्ष गरिरहेका छन् । यस वर्षको ढिलो र न्यून वर्षाले कृषि उत्पादन प्रभावित भएपछि कतिपय किसान वर्षाका लागि प्रार्थना गर्न बाध्य भएका छन् ।

सुडानमा जारी युद्ध, इन्धन तथा मलको बढ्दो मूल्य र कमजोर बजारसँगै अहिले जलवायुजन्य समस्याले कृषि क्षेत्रलाई थप सङ्कटमा पारेको छ । सन् २०२३ अप्रिलदेखि सेना र अर्धसैनिक बलबिच जारी द्वन्द्वले देशको कृषि प्रणालीमा गम्भीर असर पुऱ्याएको छ ।

प्रशान्त महासागरमा विकसित भइरहेको 'एल निनो' जलवायु प्रणालीका कारण यस वर्ष वर्षामा ढिलाइ भएको र नाइल नदीको जलस्तर घटेको विज्ञहरूले बताएका छन् । संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार सुडानमा यस मौसममा औसतभन्दा कम वर्षा र लामो खडेरीको जोखिम देखिएको छ ।

जलवायु तथा जलविज्ञान वैज्ञानिक एल्फातिह एलताहिरका अनुसार एल निनो र नाइल नदीको बहाव घट्नुबिच प्रत्यक्ष सम्बन्ध छ । विशेषगरी दक्षिणपूर्वी सुडान र उत्तरपश्चिमी इथियोपियामा खडेरीको जोखिम बढ्ने गरेको उहाँको अध्ययनले देखाएको छ ।

इथियोपियाको ब्लु नाइलमा रहेको ग्रान्ड रेनेसाँ ड्यामको जलाशयमा समेत गत जुलाईको तुलनामा यस वर्षको जुलाईमा पानीको सतह करिब छ मिटर कम रहेको जर्मनीको युनिभर्सिटी अफ टुबिन्जेनको तथ्याङ्कले देखाएको छ । एलताहिरले इथियोपिया, इजिप्ट र सुडानबिच जलाशय व्यवस्थापनमा थप पारदर्शिता र सहकार्य आवश्यक रहेको बताउनुभएको छ ।

इथियोपिया सीमासँग जोडिएको गेदारेफ राज्यमा ज्वार र तिलका खेतहरूमा वर्षाको अभावको असर देखिएको छ । सामान्यत: हरियाली हुने खेतहरू सुक्खा देखिएपछि किसानहरू वर्षाका लागि प्रार्थना गर्न स्थानीय धर्मगुरुसँग भेला भएका छन् ।

कृषिमन्त्री इस्मत कुरेशीले किसानलाई खडेरी सहन सक्ने बाली रोज्न र रोपाइँ केही पछि सार्न सुझाव दिएका छन् । युद्धका कारण इन्धन र मलको मूल्य बढ्नु तथा बजार कमजोर हुनु कृषि क्षेत्रका थप चुनौती हुन् । सुडानको करिब ६५ प्रतिशत कृषियोग्य जमिन अहिले खेतीबाहिर रहेको बताइएको छ ।

अल-जजिरा राज्यका किसान हसन अहमदले दशकौँमा नाइल नदीको जलस्तर यति तल कहिल्यै नदेखेको बताउनुभयो । उहाँका अनुसार पानीको अभाव, बढ्दो लागत र युद्धका कारण कृषि व्यवसाय पुन: सञ्चालन गर्न किसानहरूलाई कठिन भइरहेको छ ।

सुडानमा जारी मानवीय सङ्कटकाबिच कृषि उत्पादनमा आएको गिरावटले खाद्य सुरक्षाको समस्या थप गम्भीर बनाउने जोखिम बढेको छ ।

# पुरानो पहिरोको पिरलो

प्रगति ढकाल

काठमाडौँ । उपत्यकाको चक्रपथ पार गरेपछि काठमाडौँको कोलाहल विस्तारै पछाडि छुट्छ । सवारीको चाप कम हुँदै जान्छ, धुवाँ-धुलो पातलिन्छ र वरिपरि हरियाली बाक्लिँदै जान्छ । सहरको भिडबाट केही पर पुगेपछि प्रकृतिले आफ्नै ढङ्गले सजाएको शान्त र सुन्दर ठाउँ भेटिन्छ । यस्तै शान्त परिवेशमा छ, गोदावरी नगरपालिका-१० टाहाखेल । यहाँको वातावरण अझै पनि सहरको बढ्दो प्रदूषण र कोलाहलबाट धेरै हदसम्म टाढा छ । खुला आकाश, हरियाली र वरिपरि देखिने प्राकृतिक सौन्दर्यले यहाँ आउने जो कोहीलाई केहीबेर भए पनि सहरको व्यस्तता बिर्साइदिन्छ ।

यहीं सुन्दर बस्तीमा छ गङ्गा सुनारको घर । वरिपरि फैलिएको हरियाली र शान्त वातावरण उहाँका लागि बसोबास गर्ने ठाउँ मात्रै होइन, जीवनको एउटा अभिन्न हिस्सा बनेको छ । प्रकृतिले निःशुल्क दिएको यहीं सौन्दर्यसँग उहाँको दैनिकी जोडिएको छ । सहरको भिडभाडभन्दा अलि परको यो ठाउँ बाहिरबाट जति शान्त देखिन्छ, गङ्गा सुनारको जीवन भने त्यति नै सङ्घर्षले भरिएको छ । प्रकृतिको काखमा बसेको उहाँको घरले बाहिरबाट शान्त जीवनको अनुभूति दिन्छ तर त्यो शान्त सतहमुनि आफ्नै कथा, दुःख, सङ्घर्ष लुकेका छन् ।

मनसुन सुरू भएयताका कैयौँ रातहरू अनिदो बितेका छन् उहाँका । अझै मनसुन सकिएको छैन । एकैछिनमा घाम लाग्छ, एकैछिनमा आकाशमा कालो बादल मडारिन्छ । एकैछिनमा झमझम पानी पर्छ । मौसमको कुनै भरै छैन । जब आकाश अँध्यारिएर मेघगर्जनसहित पानीका छिटा खस्न थाल्छ, सुनुवारको अनुहार पनि अँध्यारो हुन थाल्छ । अनि उहाँको ध्यान घरमुनिको पहिरोतर्फ जान्छ । पानी परेपछि पहिरो फेरि खस्ने हो कि भन्ने चिन्ताले रातभरि निद्रा लाग्दैन सुनुवारलाई । तन घरभित्रै भए पनि मन पुरानो पहिरोतिरै जान्छ । जुन पहिरो अझै आलो नै जस्तै देखिन्छ ।


घरमुनिको उक्त पहिरोले उजाडेको उराड मन लिएर त्रासमा बस्नुको कुनै विकल्प नै छैन । गङ्गा भन्नुहुन्छ, "आकाशबाट पानी पर्नासाथ डर लाग्छ । एउटा घर छ, त्यो पनि पहिरोले लग्यो भने हाम्रो त टाउको लुकाउने ठाउँ नै हुँदैन ।" उक्त स्थानमा करिब दुई वर्षअघि गङ्गाको परिवारले नयाँ घर बनाएको थियो । नयाँ घरमा सर्ने तयारी भइरहँदा प्रकृतिले विपत्ति ल्यायो । जिन्दगीभरको मेहनत खर्चेर बनाइएको नयाँ घरमा सर्ने दिन सम्झेर उहाँको परिवार उत्साहित थियो । घर निर्माण भइसके पनि शुभसाइत कुरेर बस्नुभएको थियो गङ्गाको परिवार । तर, नयाँ घरमा सर्न नपाउँदै पहिरोले उहाँहरूको सपनालाई धक्का दियो । खुसी निराशामा परिणत गरायो ।

विसं २०८१ असोज १२ गते सुनुवारको घरमुनि ठूलो पहिरो गयो । उहाँ भन्नुहुन्छ, "म त पहिरो गयो भन्ने सुन्नेबित्तिकै दौडदै हेर्न आएँ । घर त बचेछ तर पहिरो हेर्दा कहाली लाग्यो । पुरानो पहिरोमा बस्दा जोखिम हुन्छ रे । कुन बेला फेरि पहिरो गएर ज्यानै जाने हो कि डर लाग्छ । छाडौँ भने गएर कहाँ बस्ने ?"

सुनुवारको परिवारमा कमाउने कोही छैनन् । परिवारमा नियमित आम्दानीको स्रोत केही छैन । घरखर्च चलाउन सरकारी भत्तामा निर्भर हुनुपरेको उहाँ बताउनुहुन्छ । छोराको मृत्युपछि बुहारीले पनि घर छाडिन् । अहिले नातिनी छिन् । उनी स्नातक पढ्दै छिन् । "कमाइ केही छैन, के गरी खाने ? त्यही भत्ता अलिअलि दिन्छ, त्यही हो," उहाँ भन्नुहुन्छ । उमेर ढल्किँदै गएको परिवारका लागि नियमित आम्दानीको अभावले जोखिममा रहेको घर छाडेर अन्यत्र सर्न झनै कठिन बनाएको छ ।

पहिरो गएको करिब दुई वर्ष बितिसक्दा पनि जोखिम टरेको छैन । मन ढुक्क हुनै सकेको छैन । पहिरो गएको भागलाई अस्थायी रूपमा प्लास्टिकले छोपिएको थियो । तर, अहिले त्यही प्लास्टिक च्यातिएको छ । प्लास्टिकले पहिरो छोप्दा जमिनमुनि पानी छिन नपाउने र पहिरो जोखिम न्यूनीकरण गर्न सकिने भौगर्भिकविद्ले बताउँदै आएका छन् । "पहिला प्लास्टिकले छोप्यौँ, अहिले त्यो पनि च्यातिहाल्यो, झन डर लाग्छ," गङ्गा भन्नुहुन्छ ।

पहिरो नियन्त्रण तथा जोखिम न्यूनीकरणका लागि स्थानीय तहमा जानकारी गराइएको गङ्गाले बताउनुभयो । आफूहरूले समस्या समाधानका लागि आग्रह गरे पनि काम पूर्ण रूपमा हुन नसकेको उहाँको भनाइ छ । गङ्गाकी बहिनी दुर्गा रिसालको घर पनि त्यही जोखिमयुक्त क्षेत्रमा छ । दुर्गा रिसालका लागि पनि मनसुनी वर्षाले तर्साउँछ । पहिरोले ज्यानै जालाकी भन्ने भय उहाँमा पनि छ । त्यही बस्तीमा बस्ने पार्वती सुनारका लागि पनि पुरानो पहिरोले पिरलो थपेको छ । उहाँलाई पनि वर्षायाम सुरु भएयता नै प्राकृतिक विपद्ले उठिवास गर्छ कि भन्ने चिन्ताले सताउने गरेको छ । आँगनीबाट हेर्दा देखिने कहालीलाग्दो पहिरोले वरपरका बासिन्दालाई मानसिक त्रासदी उत्पन्न गराएको छ ।



पहिरोले प्रभावित परिवारका लागि बस्ती स्थानान्तरणदेखि पहिरोको दिगो व्यवस्थापनजस्ता कार्य प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको भन्दै सरोकारवालाले आवाज उठाउँदै आइरहेका छन् । वर्षा सकिएपछि जोखिम केही कम देखिए पनि अर्को वर्ष पानी पर्न थालेपछि पुरानै चिन्ता फर्किन्छ । पहिरो फेरि खस्यो भने के गर्ने ? घरभित्र रहेका सामान कसरी जोगाउने ? परिवारका सदस्य कहाँ जाने ? यस्ता प्रश्नले उक्त स्थानका बासिन्दालाई सताउने गरेको छ ।

**विज्ञ भन्छन् : पुराना पहिरोको जोखिम जहिले पनि रहन्छ**

भूगर्भविद् डा. सुबोध ढकालले पुरानो पहिरो गएको स्थानमा पुनः पहिरो जाने जोखिम जहिले पनि रहने बताउनुभएको छ । उहाँले पहिरो गएको स्थानमा माटो खुकुलो हुने तथा वर्षाको पानी जमिनभित्र प्रवेश गर्ने भएकाले भूक्षय बढ्दै जाने र पुनः ठूलो पहिरो जानसक्ने बताउनुभयो । "भौगर्भिक दरारका कारण पहिरो गएको हो भने त्यसको मूल कारण यथावत् रहन्छ । पहिरो गएपछि जमिन केही समथर देखिने भएकाले त्यस्ता स्थानमा मानिस बसोबास गर्ने र खेतीपाती गर्ने गरेका छन् । त्यहाँ पनि पहिरोको जोखिम रहन्छ," उहाँले भन्नुभयो ।

डा. ढकालले पहिरोको पानी तथा थप कटान रोक्न तत्कालका लागि प्लास्टिकले छोप्न सकिए पनि त्यो दीर्घकालीन समाधान नभएको बताउनुभयो । पहिरोको जोखिम न्यूनीकरणका लागि भौगर्भिक अध्ययनसहित दीर्घकालीन संरक्षणका उपाय अवलम्बन गर्नुपर्ने उहाँको भनाइ छ । नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक भएकोले भूकम्पपछि पहिरोको जोखिमसमेत बढ्ने उहाँले बताउनुभयो । ढकालले जथाभावी डोजर प्रयोग गरी गरिने विकास निर्माणले समेत पहिरोको जोखिम बढाइरहेको उल्लेख गर्नुभयो । "भौगर्भिक अध्ययन नगरी घर निर्माण गरेर बसोबास गर्ने प्रवृत्तिका कारण पनि समस्या बढेको छ," उहाँले भन्नुभयो ।

ढकालले बस्ती निर्माणसम्बन्धी योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने तथा सुरक्षित स्थान पहिचान गरेर मात्रै बस्ती बसाउनुपर्नेमा जोड दिनुभयो । जोखिमयुक्त स्थानमा रहेका बस्तीको पहिचान गरी आवश्यकताअनुसार सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने उहाँको सुझाव छ । विकास निर्माण गर्दा वातावरणमैत्री पूर्वाधारलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै उहाँले पहिरोसम्बन्धी पूर्वतयारी र पूर्वसूचना प्रणालीमा लगानी बढाउनुपर्ने बताउनुभयो ।

यसैबिच, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बाढी प्रभावित जिल्लाका ५५ स्थानमा पूर्वसूचना तथा पूर्वकार्यका लागि साइरन सञ्चालनमा रहेको जनाएको छ ।

**दीर्घकालीन समाधान खोजिने**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले पहिरोको उच्च जोखिममा रहेका बस्तीको अध्ययन गरी जोखिम न्यूनीकरण तथा व्यवस्थापनका दीर्घकालीन उपाय अवलम्बन गरिने बताउनुभएको छ । उहाँले पहिरोको जोखिम रहेका स्थानमा रहेका बस्तीको भौगोलिक तथा जोखिम अवस्थाको अध्ययन गरी आवश्यकताअनुसार सुरक्षित स्थानमा स्थानान्तरणका लागि पहल गरिने जानकारी दिनुभयो । "यस विषयमा छलफल भइरहेको छ । आवश्यक पर्ने लगानी वैदेशिक सहायताबाट समेत जुटाएर काम अगाडि बढाउने तयारी गरिरहेका छौँ," डा. उप्रेतीले भन्नुभयो । उहाँले पहिरो गएको स्थानमा तत्काल राहत तथा उद्धारमा मात्र सीमित नभई जोखिमको मूल कारण पहिचान गरी दीर्घकालीन समाधानतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । जोखिमयुक्त बस्तीको पहिचान, सुरक्षित स्थानको छनोट तथा आवश्यक पूर्वाधार निर्माणमार्फत विपद्को जोखिम घटाइने उहाँको भनाइ छ ।

यसैगरी, कृषि, वन तथा पर्यावरण मन्त्रालयका प्रवक्ता डा. महेश्वर ढकालले बाढी, पहिरोलगायत जलवायुजन्य विपद्बाट हुने क्षति तथा नोक्सानीलाई आधार बनाएर अन्तर्राष्ट्रिय जलवायु वित्त पहुँचका लागि पैरवी गरिने बताउनुभएको छ । उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका कारण नेपालमा बाढी, पहिरो तथा अन्य विपद्को जोखिम बढ्दै गएको अवस्थामा प्रभावित समुदायको क्षति तथा नोक्सानी सम्बोधन गर्न अन्तर्राष्ट्रिय जलवायु वित्तबाट सहयोग प्राप्त गर्न पहल भइरहेको छ । आगामी कार्तिक २३ देखि मङ्सिर ४ गतेसम्म टर्कीएको अन्तालयामा आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय पक्ष राष्ट्रको सम्मेलन कोप-३१ मा पनि जलवायुजन्य विपद्का उदाहरणहरू प्रस्तुत गरेर जलवायु न्यायका लागि पैरवी गर्ने तयारी छ ।"

जलवायुजन्य विपद्बाट हुने क्षति तथा नोक्सानीको तथ्याङ्क र प्रमाणलाई व्यवस्थित गरी अन्तर्राष्ट्रियस्तरमा प्रस्तुत गर्न सके जलवायु वित्त प्राप्तिका लागि नेपालको दाबी थप बलियो हुने उहाँको भनाइ छ ।

**यस्तो छ सरकारको विपद् पूर्वतयारी**

प्राधिकरणका अनुसार चालू मनसुन अवधिमा विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई थप प्रभावकारी बनाउन देशभर ४६० एम्बुलेन्स सञ्चालनमा रहेको छ । प्राधिकरणका उपसचिव रामबहादुर केसीले हाल ५३४ गोदामघर तयारी अवस्थामा रहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "यसैगरी १२२ स्थानको भौगर्भिक अध्ययन सुरु भएको छ । पहिरो पन्छाउन ८१ वटा डोजर तयारी अवस्था छन् । यसैगरी एक हजार २४ वटा हेलिप्याड रहेका छन् । यसैगरी नेपाली सेनासँग भएका चार वटा हेलिकोप्टर तैनाथ अवस्थामा छन् । निजी क्षेत्रसँग समन्वय गरी आवश्यक परेको खण्डमा हेलिकोप्टर परिचालन गर्न सकिने गरी ३४ वटा हेलिकोप्टरसमेत तयारी अवस्थामा रहेका छन् । काठमाडौँ उपत्यकाभित्र निःशुल्क र बाहिर सहुलियत दरमा हेलिकोप्टरबाट उद्धार गर्ने गरी समझदारी भएको छ ।"

उपसचिव केसीले विपद् पूर्वतयारी र प्रतिकार्यका लागि रु. सात अर्ब ५६ करोड २३ लाख ९२ हजार स्रोत व्यवस्थापन भएको जानकारी दिनुभयो । प्राधिकरणका अनुसार वैशाखयता ९९८ पहिरोको घटना भएकोमा ४३ जनाको ज्यान गएको छ भने दुई बेपत्ता र २२ जना घाइते भएका छन् । *रासस*

# अन्तर्राष्ट्रिय कला प्रदर्शनी तारागाउँ कल्चरल सेन्टरमा प्रदर्शनी हुँदै

काठमाडौँ, ६ भदौ । 'ह्वाट एम्पायर टुक, ह्वाट एम्पायर लेफ्ट : म्युजियम्स, बोर्डर्स एन्ड द पोलिटिक्स अफ रिटर्न इन साउथ एसिया' शीर्षकको अन्तर्राष्ट्रिय कला प्रदर्शनी यही भदौ ७ गते बौद्धस्थित तारागाउँ कल्चरल सेन्टरमा आयोजना हुने भएको छ ।

तारागाउँ नेक्स्टको आयोजनामा तथा सराफ फाउन्डेसनको सहयोग तथा डा. अर्शिया मन्सुर लोखण्डवालाको 'क्युरेसन' मा आयोजना हुन लागेको प्रदर्शनी दक्षिण एसियाका सांस्कृतिक तथा धार्मिक सम्पदा पश्चिमी सङ्ग्रहालयसम्म कसरी पुगे, तिनले आफ्नो मूल सन्दर्भ गुमाउँदा के हरायो र विस्थापित सम्पदा फिर्ता गर्ने अधिकार कसको हो भन्ने प्रश्नमाथि केन्द्रित रहने जनाइएको छ ।

प्रदर्शनीमा कलाकार रोशन मिश्र र शौर्य कुमारबिच कलाकार संवादसमेत आयोजना हुनेछ । प्रदर्शनीले दक्षिण एसियाका देवप्रतिमा, पाण्डुलिपि तथा धार्मिक-अनुष्ठानिक वस्तु तिनको जीवित सांस्कृतिक परिवेशबाट अलग भएर पश्चिमी सङ्ग्रहालयमा पुगेपछि सिर्जना भएको सांस्कृतिक विच्छेदलाई कलात्मक दृष्टिकोणबाट केलाउने प्रयास गरेको छ । नेपालका खाली भएका मन्दिरदेखि भारतका विभिन्न स्थानबाट बाहिरिएका काँस्य मूर्ति, पाकिस्तानको गान्धार क्षेत्रका मूर्तिकला र बङ्गलादेशको टेराकोटा सम्पदासम्मका सन्दर्भमार्फत प्रदर्शनीले दक्षिण एसियाभर फैलिएको सांस्कृतिक सम्पदा विस्थापनको इतिहासलाई जोड्ने प्रयास गरेको आयोजकको भनाइ छ ।

क्युरेटर डा. लोखण्डवालाका अनुसार विश्वका सङ्ग्रहालयहरू आफ्ना सङ्ग्रहभित्र रहेको औपनिवेशिक इतिहासबारे पुनर्विचार गर्न थालेसँगै सांस्कृतिक सम्पदा फिर्ताको विषय समकालीन विश्वको महत्त्वपूर्ण सांस्कृतिक बहस बनेको छ । दक्षिण एसियाको सन्दर्भमा सम्पदा फिर्ता हुनुपर्छ कि पर्दैन भन्ने प्रश्न मात्र पर्याप्त नभई त्यसको स्वामित्व कसले निर्धारण गर्छ, त्यसको अर्थ कसले व्याख्या गर्छ र विस्थापित सम्पदाको भविष्यबारे निर्णय गर्ने अधिकार कससँग हुन्छ भन्ने प्रश्न झन् महत्त्वपूर्ण रहेको उहाँको भनाइ छ ।

प्रदर्शनीमा तेम्सुयाङगर लोङकुमेर, रीतु सत्तार, शौर्य कुमार, राक्स मिडिया कलेक्टिभ, मिथु सेन, दिव्या मेहरा, मरियम घानी, एल.एन. तल्लुर, रोशन मिश्र, विशाल मानन्धर र जगत वीरसिङ्घेका कला सिर्जना समावेश हुनेछन् । सराफ फाउन्डेसनकी सहसंस्थापक नमिता सराफले सांस्कृतिक सम्पदा हराउने र पुनःफिर्ता ल्याउने विषय नेपालका लागि विशेष महत्त्वको रहेको बताउनुभयो । उहाँका अनुसार यस्तो प्रदर्शनीले दक्षिण एसियाली समाजलाई आफ्नो इतिहासलाई आफ्नै दृष्टिकोणबाट हेर्न तथा सांस्कृतिक सम्पदाको पुनःस्थापनाले भविष्यमा के अर्थ राख्छ भन्ने विषयमा विमर्श गर्ने अवसर दिन्छ ।

सराफ फाउन्डेसनको सहयोगमा नेपालमा डा. लोखण्डवालाले क्युरेट गरेको यो तेस्रो प्रदर्शनी हो । यसअघि उहाँले क्युरेट गरेको 'फेमिनिस्ट फ्युचर्स : आर्ट, एक्टिभिज्म एन्ड साउथ एसियन वुमनहुड' प्रदर्शनीमा तीन नेपाली महिला कलाकारसमेत सहभागी थिए । उक्त प्रदर्शनी सन् २०२५ को सेप्टेम्बरमा श्रीलङ्कामा पनि प्रदर्शन गरिएको थियो । *रासस*

# पहिरोले विभिन्न सडक अवरुद्ध

काठमाडौँ, ६ भदौ । वर्षाका कारण देशका विभिन्न स्थानमा सडक अवरुद्ध हुनुका साथै केही सडकखण्डमा राति सवारीसाधन सञ्चालन गर्न रोक लगाइएको छ ।

प्रहरी प्रधानकार्यालयले जारी गरेको शनिबार बिहान ०५:०० बजेसम्मको विवरण अनुसार काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, रुकुम पश्चिम, लमजुङ, इलाम, नुवाकोट, रोल्पा, पाल्पा र मकवानपुरका विभिन्न सडक प्रभावित भएका छन् ।

काभ्रेपलाञ्चोकको खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी सडक सम्भावित बाढीको जोखिमलाई ध्यानमा राखेर साँझ १८:०० बजेदेखि बिहान ०४:०० बजेसम्म सम्पूर्ण सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । बिहान ०४:०० बजेदेखि बेलुका १८:०० बजेसम्म भने सवारीसाधन सञ्चालन गर्न दिइएको छ ।

मकवानपुरको कान्ति लोकपथमा पनि वर्षाका कारण राति १७:०० बजेदेखि बिहान ०५:०० बजेसम्म सम्पूर्ण सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ ।

नुवाकोटको टोखा-छहरे सडकखण्डमा अत्यावश्यक सेवाबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधनको राति २२:०० बजेदेखि बिहान ०५:०० बजेसम्म आवागमन बन्द गरिएको छ ।

उक्त सडकमा अर्को सूचना जारी नभएसम्म कुनै किसिमका सवारीसाधन चलाउन नपाइने जनाइएको छ । इलाम नगरपालिका-९ राजदुवालीमा हिलो जमेर मेची राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त स्थानमा वैकल्पिक बाटो रहेको जनाइएको छ ।

सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिका-२ कोदारीस्थित अरनिको राजमार्गमा इकु पहिरो, सोही गाउँपालिका-२ लिपिङस्थित सडक भासिएपछि उक्त राजमार्ग पनि पूर्ण रूपमा अवरुद्ध भएको छ ।

रसुवाको उत्तरगया गाउँपालिका-५ खाल्टेस्थित त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी सडकखण्ड त्रिशूली नदीले कटान गरेपछि सो सडक पनि पूर्ण रूपमा अवरुद्ध भएको छ । साथै, गोसाइकुण्ड गाउँपालिका -२ स्याउपार्किङमा बिहीबार अपराह्न पहिरो खसेपछि पासाङल्हामु सडक पनि पूर्ण रूपमा अवरुद्ध भएको छ ।

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-६ रिजेगार्ड खोलास्थित भेरी करिडोरको जाजरकोट-डोल्पा सडक पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भएको छ ।

लमजुङको बेँसीसहर-मनाङ सडकअन्तर्गत मर्स्याङ्दी गाउँपालिका-४ रामबजारमा पनि पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको छ ।

यसैगरी, रोल्पा र पाल्पाका दुई प्रमुख सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएका छन् । रोल्पाको माडी गाउँपालिका-६ झकलीमा खुसहितको पहिरो खस्दा घोराही-थवाङ-रुकुम सहिदमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ ।

पाल्पाको तिनाउ गाउँपालिका-३ सिद्धबाबा सुरुङमार्गको पाल्पातर्फ प्रवेश गर्ने बिन्दुबाट करिब एक सय मिटर उत्तरतर्फ पहिरो खस्दा सिद्धार्थ राजमार्ग पनि पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त स्थानमा शनिबार बिहान भूक्षय भएको हो ।

सडक अवरुद्ध भएका स्थानमा पहिरो तथा बाढीको जोखिम कायम रहेकाले सम्बन्धित निकायले अवस्था हेरी सावधानीपूर्वक यात्रा गर्न तथा आवश्यकताअनुसार वैकल्पिक मार्ग प्रयोग गर्न प्रहरी प्रधानकार्यालयले आग्रह गरेको छ । *रासस*

# नयाँ पुस्तालाई सही बाटोमा हिँडाउन आफूहरूले पनि असल काम गर्न जोड



भक्तपुर, ६ भदौ । दिदीबहिनी समूह भ.न.पा.४ को आयोजनामा शनिबार चवङा गणेश स्थान, सल्लाघारीमा एक प्रशिक्षण कार्यक्रम भयो ।

नेमकिपाका सचिव प्रेम सुवालले स्वस्थ निरोगी जीवन बाँच्न खानपिनमा सुधार गर्नुपर्ने र विषादीयुक्त तरकारी र खाद्य सामग्री सेवनमा सतर्कता अपनाउनुपर्ने आवश्यकताबारे चर्चा गर्नुभयो । आमाबुबाले धूमपान, मद्यपान र लागूपदार्थ सेवन गरे पुस्तौँसम्मका सन्तानहरूमा नकारात्मक मानसिक वा शारीरिक असर पर्ने अध्ययनले देखाउँछ भन्दै उहाँले पढ्न नसके पनि राम्रो काम गर्ने, बोली वचन राम्रो भएमा संस्कार भएको मानिन्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “नेमकिपाले देश र जनताको सेवाबाहेक अरु कुनै स्वार्थ राखेको छैन । २०१९ सालमा पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ ( रोहित) ले नगरपालिकामा निर्वाचित हुँदादेखि अहिलेसम्म निःस्वार्थरूपमा जनताको काम गर्दै आइरहेको छ ।”

पार्टी सङ्गठनमा लागेका कार्यकर्ताका छोराछोरीहरूको विवाह नहुने, बुहारी नपाइने भन्ने समाज अहिले पनि रहेको बताउँदै उहाँले मुख्य कुरो समाज परिवर्तनका लागि लाग्ने हो भन्नुभयो ।

नयाँ पुस्तालाई सही बाटोमा हिँडाउन आफूहरूले पनि असल काम गर्न जोड दिँदै सचिव सुवालले भदौ २३ र २४ का दोषीहरूलाई सजाय दिनुपर्ने भनाइ राख्दै जेनजी सरकार पनि विदेशीकै इसारामा चलिरहेको हुनाले अहिले पनि देशको स्थिति अन्यौलमा नै रहेको चर्चा गर्नुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले भदौ ९ कालो दिनको संस्मरण गर्दै दिदी बहिनीहरूको एकताले नै राज्यको षड्यन्त्रमा जेल परेका अग्रजहरूलाई रिहाइ गर्न ठुलो बल पुगेको बताउनुभयो । उहाँले पाँचवर्ष कानुन अध्ययन गरिसकेपछि अन्तर्राष्ट्रिय अदालतमा समेत बहस गर्न सकिने जानकारी गराउँदै विदेश पढ्न जाने विद्यार्थीहरूलाई सम्झाइबुझाइ गर्न घर-घरमा जाने काम गर्दै आइरहेको बताउनुभयो ।

अनलाइन जागीरमा ठगीका मुद्दाहरू धेरै बढिरहेको हुनाले सचेत हुन आग्रह गर्दै उहाँले पैसाको लागि किशोरीहरूले आफ्नो पाठेघरमा भएको अण्डकोषसमेत बेच्ने गरेको, साइबर अपराध र चेक बाउन्सका मुद्दाहरूमा धेरै महिलाहरू फसिरहेको हुनाले कानुनी ज्ञान राख्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

स्थानीय हरिसुन्दर सुवालले शिक्षा, स्वास्थ्य, सरसफाइमा भक्तपुरमा भएको परिवर्तनमा अग्रज पुस्ताले गरेको योगदान अविस्मरणीय रहेको चर्चा गर्दै आपसी मेलमिलाप, मित्रता र एकताले नै आदर्श समाज स्थापनाका आधार भएको पुष्टि गर्नुभयो ।

दिदीबहिनी समूह भ.न.पा. ४ अध्यक्ष कृष्णलक्ष्मी दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा रामलक्ष्मी दुवालले पनि बोल्नुभयो ।

# युवाहरूमा परिवर्तनकारी तथा क्रान्तिकारी विचार हुनुपर्ने

भक्तपुर, ६ भदौ । २६ औँ अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भक्तपुर नगरपालिका-७ नं. वडा कार्यालयको आयोजनामा शुक्रबार विद्यार्थी सम्मान तथा प्रवचन कार्यक्रम सम्पन्न भयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले युवा उमेरले मात्र नभई विचारले हुने बताउनुभयो । उहाँले युवामा परिवर्तनकारी तथा क्रान्तिकारी विचार हुनुपर्ने धारणा राख्दै प्रतिगामी सोचको विरोध गर्नुपर्ने विचार राख्नुभयो ।

राजतन्त्र पुनःस्थापनाको मागलाई प्रतिगामी सोचको संज्ञा दिँदै उहाँले विगतमा जनतालाई धोका दिने राजनीतिक प्रवृत्तिको आलोचना गर्नुभयो । जनताको हित र देशको स्वाधीनताका पक्षमा दृढतापूर्वक उभिन सक्ने व्यक्ति नै वास्तविक अर्थमा युवा हुने उहाँको भनाइ थियो ।

प्रमुख प्रजापतिले गैरसरकारी संस्था (एनजीओ) तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) का गतिविधिप्रति जनता सचेत हुनुपर्ने बताउनुभयो । देश निर्माणका लागि विदेशी सहयोगमा मात्र निर्भर नभई नेपाली आफैँले आफ्नो देश निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले नगर क्षेत्रका सम्पदाहरूको मर्मत तथा जीर्णोद्धार स्थानीय जनतासँगको सहकार्यमा गर्दै आएको उल्लेख गर्दै उहाँले यसबाट सम्पदा संरक्षणमा स्थानीय जनताको अपनत्व बढेको बताउनुभयो ।

उहाँले विगतमा लामो समय सरकारमा रहेका राजनीतिक दलहरूले सार्वजनिक सरकारी कलकारखाना तथा उद्योगहरू कौडीको मूल्यमा बिक्री गरी बन्द गराएको आरोप लगाउँदै त्यसको समीक्षा जनताले गर्नुपर्ने आवश्यक रहेको बताउनुभयो ।

देशका उद्योग, कलकारखाना र उत्पादनका क्षेत्रलाई पुनर्जीवित गरी युवालाई स्वदेशमै रोजगारीका अवसर उपलब्ध गराउनुपर्ने उहाँको भनाइ थियो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले लाखौँ युवा विदेशमा राखेर देशको विकास सम्भव नहुने बताउनुभयो । उहाँले स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न सरकारले रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर आफैँमा एउटा विश्वविद्यालयसरह रहेको उल्लेख गर्दै उहाँले भक्तपुरका हरेक विषयवस्तु तथा सम्पदा अध्ययन र विद्यावारिधिका लागि महत्त्वपूर्ण विषय बन्न सक्ने बताउनुभयो । युवाले विदेशमा अवसर खोज्नुको सट्टा स्वदेशमै प्राप्त ज्ञान, सीप र क्षमताको उपयोग गर्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा भक्तपुर युवा टीमका सचिव रामेश्वर मचामसी, सहिद स्मृति पुस्तकालयका अध्यक्ष नारायणप्रसाद मचामसी, अध्यक्ष दीपक खिचाजू र बिनु वनमालाले शिक्षा, मेरिना लवजूले आयुर्वेदिक चिकित्सा, सुशीला ताहामताले कानुन, किरण किसीले अन्तर्राष्ट्रिय सम्बन्ध, किशोर गोसाईंले अर्थशास्त्र, बलराम गोसाईंले जनप्रशासन र सविन ख्याजूले कृषि विषयमा आफ्नो अनुभव र विचार राख्नुभएको थियो ।

कार्यक्रममा विभिन्न विषयमा स्नातकदेखि विद्यावारिधि पूरा गरेका ३५ जना विद्यार्थीलाई सम्मान गरिएको थियो । विद्यार्थी सम्मानसँगै युवाको वर्तमान अवस्था, देश विकासमा युवाको भूमिका र स्वदेशमै अवसर सिर्जना गर्नुपर्ने आवश्यकताबारे प्रवचन तथा छलफल गरिएको थियो । कार्यक्रमले युवालाई देश निर्माणमा सक्रिय सहभागी गराउने र आफ्नो ज्ञान तथा सीप स्वदेशमै उपयोग गर्न प्रेरित गरेको आयोजकले जनाएको छ ।

# युरोपका डढेलोले सतहमा ल्याए विश्वयुद्धकालीन विस्फोटक पदार्थ

एल्सेनबोर्न, २२ अगस्ट (एपी) । यस वर्षको गर्मीयाममा युरोपभर फैलिएका डढेलोले पहिलो र दोस्रो विश्वयुद्धका बेला जमिनमुनि गाडिएका बम तथा बारुदी सुरुङको जोखिम उजागर गरेका छन् । अत्यधिक गर्मीका कारण कतिपय विस्फोटक पदार्थ पड्किएका छन् भने आगो निभाउन खटिएका उद्धारकर्मीसमेत जोखिममा परेका छन् ।

फ्रान्स, बेल्जियम, जर्मनी र नेदरल्यान्ड्समा पुराना विस्फोटक पदार्थ विस्फोट भएका घटना सार्वजनिक भएका छन् । नेदरल्यान्ड्सको लिम्बर्ग प्रान्तमा सन् १९४४ मा भीषण युद्ध भएको क्षेत्रमा डढेलोको जोखिम बढेपछि बम निष्क्रिय पार्ने टोली परिचालन गरिएको थियो ।

लन्डनस्थित ‘स्कूल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिज’ की शान्ति तथा द्वन्द्व अध्येता सारा नजेरीले जलवायु परिवर्तनका कारण डढेलो र विस्फोटका घटनाले युरोपको ‘जलवायु सुरक्षा’ कमजोर बनाउँदै लगेको बताउनुभयो । उहाँका अनुसार पहिले स्थिर अवस्थामा रहेका युद्धकालीन विस्फोटक पदार्थ अत्यधिक तापक्रम र डढेलोका कारण पुनः जोखिमपूर्ण अवस्थामा आउन सक्छन् ।

यस वर्षको डढेलोको जोखिम जनवरीमा भएको भारी वर्षाका कारण थप बढेको थियो । उक्त वर्षाले वनस्पति वृद्धि गराएपछि गर्मीयाममा ती सुक्खा वनस्पति आगो फैलाउने इन्धन बनेका थिए । ‘वर्ल्ड वेदर एट्रिब्युसन’ समूहको अध्ययनअनुसार उच्च तापक्रम, खडेरी, कम आर्द्रता र तीव्र हावाले आगो फैलिन अनुकूल वातावरण बनाएको थियो ।

पूर्वी बेल्जियमको लिएज प्रान्तमा डढेलोका क्रममा केही छिटपुट विस्फोट सुनिएको गभर्नर हर्भे जामारले बताउनुभएको छ । आगो लागेको क्षेत्रमा पुराना हतियार रहेको सम्भावनालाई ध्यानमा राखेर आपत्कालीन टोली परिचालन गरिएको थियो ।

दोस्रो विश्वयुद्धका क्रममा बेल्जियमको ‘हाई फेन्स’ क्षेत्रमा नाजी जर्मनी र मित्रराष्ट्रका सेनाबिच भीषण युद्ध भएको थियो । सो क्षेत्रमा अहिले पनि बम, मोर्टारका गोला र बारुदी सुरुङका अवशेष भेटिने गरेका छन् ।

स्थानीय इतिहासकार बर्नार्ड कोलार्डका अनुसार, बेल्जियमले हरेक वर्ष विस्फोटक पदार्थसम्बन्धी हजारौँ सूचना प्राप्त गर्छ । उहाँका अनुसार युद्धका पुराना रणभूमि अहिले जङ्गल, चरन तथा खेतीयोग्य जमिनमा परिणत भए पनि जमिनमुनि विस्फोटक पदार्थ अझै रहेका छन् ।

बेल्जियमको विस्फोटक पदार्थ व्यवस्थापन तथा विनाश सेवाले हरेक वर्ष देशभरबाट प्राप्त तीन हजारभन्दा बढी सूचनामा प्रतिक्रिया जनाउँदै दुवै विश्वयुद्धका करिब २०० देखि २५० टन विस्फोटक पदार्थ नष्ट गर्ने गरेको छ ।

जलवायु परिवर्तनसँगै खडेरीले पनि पुराना विस्फोटक पदार्थ सतहमा ल्याउने जोखिम बढाएको छ । नदी तथा तालको जलस्तर घट्दा स्लोभाकिया, हङ्गेरी र जर्मनीमा दोस्रो विश्वयुद्धकालीन नौसैनिक माइन तथा बम फेला परेका छन् ।

एरिजोना विश्वविद्यालयकी अनुसन्धानकर्ता क्रिस्टिना ग्रीनले जलवायु परिवर्तनका कारण ‘युद्धका अवशेष फेरि सतहमा आइरहेको’ बताउनुभयो । उहाँका अनुसार यसले दशकौँदेखि ओझेलमा परेको युद्धकालीन जोखिमलाई पुनः सम्झाइरहेको छ ।

***समाजका...***

भनपा ६ का जनप्रतिनिधि गोविन्द दुवालले भक्तपुरको किसान आन्दोलनको चर्चा गर्दै किसानहरूको आर्थिक स्थिति राम्रो हुनमा किसान आन्दोलनको महत्त्वपूर्ण भूमिका भएको बताउनुभयो ।

सांस्कृतिक समितिका सल्लाहकार जगन्नाथ सुजखुले अध्ययनलाई पनि अगाडि लग्नुपर्ने चर्चा गर्दै कलाकार भाइबहिनीहरूले राम्रो प्रस्तुति देखाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा जनप्रतिनिधि सिद्धिराम अवाल र गुरु नीय कयरीले पनि मन्तव्य राख्नुभएको थियो ।

समितिका अध्यक्ष गोपीकृष्ण चाँगुभारीको सभापतित्वमा भएको कार्यक्रममा अतिथि सुवालले प्रमाणपत्र र घडला वितरण गर्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म
१९८८/०१/०७

स्वर्गारोहण
२०८३/०३/२६

यस समितिका सदस्य लक्ष्मीप्रसाद दुवालका पूजनीय बुबा **लक्ष्मीभक्त दुवाल**को दुःखद निधन भएको आज ४५ औँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**पूर्वकर्मचारी समूह**
भक्तपुर नगरपालिका

## मानसिक स्वास्थ्यमा ध्यान दिऔँ

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

खुलेर कुरा गरौः मानसिक स्वास्थ्यको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



यस संस्थाका सदस्यता नं. ४०९ का सदस्य **बिकुनारायण मातां**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

जन्म : १९९३/१०/२७
निधन: २०८३/०४/२९

**लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
इटाछेँ-२, भक्तपुर, फोन नं.: ६६१९०६८

## हार्दिक समवेदना



यस संस्थाका सदस्यता नं १९१५ का सदस्य **सुलोचना प्रजापति**को असामयिक निधन भएको आज बाह्रौँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २०१३/०४/१०
निधन: २०८३/०४/२७

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भ.न.पा.-९


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा